# सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**: सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्र हित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक बनाउँदै सुशासनमुखी संयन्त्रको रूपमा विकास गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "सङ्घीय निजामती सेवा ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अख्तियारवाला" भन्नाले दफा १६ बमोजिम सङ्घीय निजामती सेवाको पदमा नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउँछ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "निजामती कर्मचारी" भन्नाले सङ्घीय निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "सङ्घीय निजामती सेवा" भन्नाले दफा ५ बमोजिम गठित सङ्घीय निजामती सेवा सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले निजामती कर्मचारीसँग बस्ने वा निजले पालन पोषण गर्नुपर्ने निजको पति, पत्नी, छोरा, छोरी, बाबु र आमा सम्झनु पर्छ र सो शब्दले विवाहित निजामती कर्मचारीको हकमा निजसँग बस्ने वा निजले पालन पोषण गर्नुपर्ने निजको सासु, ससुरालाई समेत जनाउँछ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ज) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ।

(झ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डी.भी.), पर्मानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड

सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ञ) "स्थायी पद" भन्नाले निवृत्तिभरण वा योगदानमा आधारित निवृत्तिभरण पाउने र म्याद नतोकिएको सङ्घीय निजामती सेवाको पद सम्झनु पर्छ ।

३. **<u>सङ्घीय निजामती सेवा सम्बन्धी केन्द्रीय निकाय</u>**: (१) सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू तथा निजामती कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मन्त्रालयले केन्द्रीय निकायको रूपमा काम गर्नेछ ।

(२) सङ्घीय निजामती प्रशासन सम्बन्धी काम गर्दा यो ऐन तथा यस ऐन बमोजिम बनेको नियममा उल्लिखित कुनै विषयमा द्विविधा भएमा त्यस्तो विषयमा निर्णय गर्नु पूर्व मन्त्रालयको नीतिगत स्वीकृति लिनु पर्नेछ।

४. **<u>सङ्घीय निजामती सेवा सञ्चालनका आधारभूत सिद्धान्त</u>**: सङ्घीय निजामती सेवा देहायका आधारभूत सिद्धान्त अनुरूप सञ्चालन हुने छः-

(क) सङ्घीय निजामती सेवा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका आधारभूत मूल्य, मान्यता र सिद्दान्तका आधारमा सञ्चालन हुने,

(ख) सङ्घीय निजामती कर्मचारीको शुरु नियुक्ति खुला र समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतियोगितात्मक परीक्षाद्वारा हुने,

(ग) सङ्घीय निजामती सेवा भ्रष्टाचारमुक्त, व्यावसायिक, जनउत्तरदायी, निष्पक्ष, पारदर्शी, परिणाममुखी, जवाफदेही, स्वच्छ, सक्षम, दक्ष र प्रविधि मैत्री हुने,

(घ) सङ्घीय निजामती सेवा अविच्छिन्न, गैर राजनीतिक र स्थायी सेवाको रूपमा विकास हुने,

(ङ) सङ्घीय निजामती सेवालाई विशेषज्ञ सेवाको रुपमा विकास गरिने,

(च) निजामती कर्मचारीको सरुवा, बढुवा र वृत्ति विकास प्रणाली पारदर्शी, वस्तुनिष्ठ, अनुमानयोग्य र व्यवसायिक क्षमतामा आधारित हुने,

(छ) विभिन्न तहका सङ्घीय ईकाईमा रहने सरकारी सेवाहरूबीच समन्वय र सहकार्यको माध्यमबाट सुमधुर र सहयोगात्मक सम्बन्ध विकास र विस्तार हुने।

(२) उपदफा (१) बमोजिमका आधारभूत सिद्धान्तहरू अन्य सङ्घीय सरकारी सेवा, प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका लागि समेत मार्गदर्शक हुनेछन् ।

परिच्छेद- २

## <u>निजामती सेवाको गठन</u>

५. **<u>निजामती सेवाको गठन</u>**: (१) सङ्घीय निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरू रहनेछन् :-

(क) नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा,

(ख) नेपाल इन्जिनियरिङ्ग सेवा,

(ग) नेपाल कृषि सेवा,

(घ) नेपाल न्याय सेवा,

(ङ) नेपाल परराष्ट्र सेवा,

(च) नेपाल प्रशासन सेवा,

(छ) नेपाल लेखापरीक्षण सेवा,

(ज) नेपाल वन सेवा,

(झ) नेपाल विविध सेवा,

(ञ) नेपाल शिक्षा सेवा, र

(ट) नेपाल स्वास्थ्य सेवा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवा बाहेक राजपत्राङ्कित विशिष्ट श्रेणीका पदमा सेवा रहने छैन ।

(३) नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल लेखापरीक्षण सेवा र अन्य राजपत्राङ्कित विशिष्ट श्रेणीमा रहने पदहरू तोकिए बमोजिम हुनेछन् ।

(४) नेपाल सरकारले नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवा बाहेकका अन्य राजपत्राङ्कित विशिष्ट श्रेणीका निजामती कर्मचारीलाई उपदफा (३) बमोजिम कायम रहेका नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवाको पद बाहेकको जुनसुकै निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा पदस्थापन वा सरुवा गर्न सक्नेछ।

तर यसरी सरुवा गर्दा प्रशासनिक अनुभव, प्राप्त शैक्षिक योग्यता, व्यवस्थापकिय क्षमता, नेतृत्व क्षमता, निर्णय क्षमता, समन्वय गर्ने खुबी समेतलाई विचार गरी सरुवा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको सेवा अन्तर्गत तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूह रहनेछन् ।

(६) उपदफा (१) बमोजिमको सेवामा रहने विभिन्न पदहरूको लागी चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ ।

६. <u>श्रेणी र तह</u>: (१) सङ्घीय निजामती सेवामा देहाय बमोजिमका श्रेणी र तहहरु रहनेछन्:-

| **क.सं.** | **श्रेणी** | **तह** |
|---|---|---|
| 1= | राजपत्राङ्कित विशिष्ट | अधिकृत पन्ध्रौं |



www.prasashan.com

| | | |
|---|---|---|
| | | अधिकृत चौधौं |
| | | अधिकृत तेह्रौं |
| 2= | राजपत्राङ्कित प्रथम | अधिकृत बाह्रौं |
| | | अधिकृत एघारौं |
| 3= | राजपत्राङ्कित द्वितीय | अधिकृत दशौं |
| | | अधिकृत नवौं |
| 4= | राजपत्राङ्कित तृतीय | अधिकृत आठौं |
| | | अधिकृत सातौं |
| | | अधिकृत छैठौं |
| 5= | राजपत्र अनङ्कित प्रथम | सहायक पाँचौ |
| 6= | राजपत्र अनङ्कित द्वितीय | सहायक चौथो |
| 7= | राजपत्र अनङ्कित तृतीय | सहायक तेस्रो |
| 8= | राजपत्र अनङ्कित चतुर्थ | |
| 9= | राजपत्र अनङ्कित पाँचौ | |

(२) यो ऐन प्रारम्भ हुँदाका बखत अधिकृत बाह्रौं तहमा बहाल रहेका निजामती कर्मचारी यो ऐन प्रारम्भ भए पछि अधिकृत तेह्रौं तहमा कायम हुनेछन्।

(३) उपदफा (२) बमोजिमका निजामती कर्मचारी माथिल्लो तहमा बढुवा हुँदा अधिकृत बाह्रौं तहको पदमा बहाल रहेको अवधिलाई समेत हालको पदको अवधिमा गणना गरिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनङ्कित तृतीय श्रेणी र सहायक तेस्रो तहमा कुनै निजामती कर्मचारीको पदाधिकार नरहेमा सो श्रेणी वा तहको पद स्वतः खारेज हुनेछ।

(५) यो ऐन प्रारम्भ हुनु अघि श्रेणी विहीन पदमा बहाल रहेको निजामती कर्मचारी यो ऐन प्रारम्भ भएपछि स्वत: राजपत्र अनङ्कित पाँचौं श्रेणीमा कायम भएको मानिनेछ।

७. **कार्यविवरण र कार्यसम्पादन सम्झौता**: (१) नेपाल सरकारले दफा ९ बमोजिम स्वीकृत गरेको सङ्गठनको कार्यविवरणको आधारमा प्रत्येक निकायले प्रत्येक पदको काम, कर्तव्य, उत्तरदायित्व र अधिकार सहितको कार्यविवरण स्वीकृत गरी लागू गर्नु पर्नेछ ।

तर राजपत्राङ्कित विशिष्ट श्रेणीका पदको कार्यविवरण नेपाल सरकारले स्वीकृत गर्नेछ ।

www.prasashan.com

(२) निजामती कर्मचारीलाई पदस्थापन गर्दा निजको कार्यविवरण समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको कार्यविवरणको आधारमा योजना, कार्यक्रम, आवधिक लक्ष्य र उत्तरदायित्व समेत निर्धारण गरी राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृत, विभागीय प्रमुख, कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग वार्षिक रूपमा तोकिए बमोजिम कार्य सम्पादन सम्झौता गरिनेछ ।

(४) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा मन्त्रालयको सचिवले विभागीय मन्त्रीसँग, विभागीय प्रमुखले तालुक निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतसँग तथा कार्यालय प्रमुख वा आयोजना प्रमुखले विभागीय प्रमुखसँग गर्नु पर्नेछ ।

तर संवैधानिक निकायमा कार्यरत राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा सचिवसँग सम्बन्धित संवैंधानिक निकायको प्रमुखले कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा अन्य विषयका अतिरिक्त देहायका विषयहरू खुलाउनु पर्नेछः-

(क) कर्मचारीले सम्पादन गर्ने कामको विवरण र समयावधि,

(ख) सम्पादन गर्नुपर्ने कामको चौमासिक र वार्षिक लक्ष्य तथा कार्ययोजना,

(ग) उत्तरदायित्व प्रवर्द्धन र सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्ने तथा कार्यालयको समग्र कार्यसम्पादनको स्तर बढाउने विषय,

(घ) कार्यसम्पादनका उपलब्धी सूचक तथा कार्य प्रगति मापनका लागि वस्तुनिष्ठ आधार सहितको अङ्कभार,

(ङ) तोकिएको लक्ष्यभन्दा अतिरिक्त काम गरेमा वा अन्य सिर्जनात्मक, नवप्रवर्द्धनात्मक, अनुकरणीय, चुनौतीपूर्ण वा जोखिमपूर्ण कार्य गरेमा थप सुविधा वा प्रोत्साहन गरिने विषय,

(च) नियमित रूपमा प्रगति प्रतिवेदन पेश गर्ने विषय ।

(६) उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौता अनुसारको कार्य सम्पादनको प्रगतिलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधारका रुपमा लिनु पर्नेछ ।

८. **<u>निजामती कर्मचारीको जिम्मेवारी र दायित्व</u>**: निजामती कर्मचारीको यो ऐन र प्रचलित कानूनमा उल्लिखित अन्य विषयका अतिरिक्त देहायका जिम्मेवारी र दायित्व रहनेछः-

(क) राष्ट्र र जनताको वृहत्तर हितलाई ध्यानमा राख्दै संविधान र कानूनको पूर्ण परिपालना गरी कार्यसम्पादन गर्ने,

(ख) कार्यालयको उद्देश्य र लक्ष्य प्राप्तिलाई केन्द्रमा राखी उपलब्ध साधन र स्रोतको मितव्ययितापूर्वक परिचालन गर्ने,

(ग) सरकारी वा पदीय अधिकार तथा स्रोत साधनलाई सरकारी वा सेवा प्रवाह सम्बन्धी काममा मात्र उपयोग गर्ने तथा कार्यालय समयमा आफ्नो पदीय दायित्वसँग सम्बन्धित जिम्मेवारी निर्वाह गर्ने,

(घ) सेवाग्राही र आमजनताप्रति जवाफदेही रही निष्पक्ष र पारदर्शी तवरले छिटो छरितो र गुणस्तरयुक्त सेवा प्रदान गर्ने,

(ङ) सेवाग्राहीप्रति शिष्ट र समान किसिमको व्यवहार गर्ने तथा आधारभूत मानवीय मूल्य र मान्यताप्रति सम्मान गर्ने,

(च) सङ्गठनले राखेका उद्देश्य र लक्ष्य हासिल गर्न तथा सुशासन कायम गरी कार्यालयको समग्र कार्य सम्पादनस्तर उच्च पार्न निरन्तर प्रयत्नरत रहने,

(छ) कार्य सम्पादन प्रक्रियालाई सरलीकरण गर्नुका साथै आधुनिक प्रविधिको प्रयोग र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने ।

## परिच्छेद-३

## सङ्घीय निजामती सेवाको दरबन्दी तथा पदपूर्ति

९. **दरबन्दी सिर्जना**: (१) कुनै सङ्घीय सरकारी कार्यालयको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न वा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरका निकायले सम्बन्धित विशेषज्ञ समेत रहेको तोकिए बमोजिमको समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा सर्वेक्षण गरिने कार्यालयको कार्य प्रकृति, कार्यबोझ, समग्र आर्थिक अवस्था तथा प्रशासनिक खर्चको दायित्व लगायतका विषय विश्लेषण गर्नुको साथै सङ्गठनलाई प्रविधिमैत्री बनाउने र न्यूनतम जनशक्तिबाट अधिकतम प्रतिफल लिने कुरालाई आधार लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिले उपदफा (२) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखेमा सो को कारण र औचित्य समेत खुलाई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गठित समितिले उपदफा (३) बमोजिम दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्ने गरी प्रतिवेदन तयार गर्दा सबै सेवामा रहेका निजामती कर्मचारीको वृत्ति विकासमा यथासम्भव एकरूपता कायम हुने र पदसोपानको अनुपात समेत मिल्ने गरी तयार गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदन सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले सोको औचित्य समेतको आधारमा मूल्याङ्कन गरी नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई उपयुक्त सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव गरी स्वीकृतिका लागि तीन महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश भएको प्रस्ताव बमोजिम नेपाल सरकारले सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्न सक्नेछ ।



www.prasaikan.com

(७) उपदफा (६) बमोजिम सङ्गठन संरचना वा दरबन्दी स्वीकृत भएपछि सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरका निकायले राष्ट्रिय किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउनु पर्नेछ । यसरी राष्ट्रिय किताबखानामा पद दर्ता नगरी त्यस्तो पदमा पदपूर्ति गर्न सकिने छैन ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सिर्जना गरिने छैन । त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ ।

(९) उपदफा (८) मा उल्लिखित निकायको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रूपमा आवश्यक पर्ने जनशक्तिको किसिम तथा सङ्ख्या यकिन गरी अस्थायी दरबन्दी सिफारिस गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीय स्तरको निकायमा तोकिए बमोजिमको समिति रहनेछ ।

(१०) उपदफा (८) बमोजिमका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा रहेको अस्थायी दरबन्दीमा खटिएका वा काजमा गएका कर्मचारीको पद रिक्त मानी स्थायी पदपूर्ति गर्न पाईने छैन ।

(११) सङ्घीय निजामती सेवाको स्थायी पदमा बहाल रहेको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा कुटनीतिक नियोग वा अन्य कुनै पदमा नियुक्त गरिएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि तरिकाले पदपूर्ति गर्न पाइने छैन।

१०. सङ्घीय निजामती सेवाको पदपूर्तिः (१) सङ्घीय निजामती सेवाको रिक्त राजपत्राङ्कित विशिष्ट श्रेणीको पद दफा २८ बमोजिम र अन्य पद देहाय बमोजिम पूर्ति गरिनेछः-

| श्रेणी | | तह | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगिताद्धारा | बढुवाद्वारा |
|---|---|---|---|---|---|
| (क) | राजपत्र अनङ्कित पाँचौ श्रेणी | | १००% | - | - |
| (ख) | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | | - | - | - |
| (ग) | राजपत्र अनङ्कित तृतीय श्रेणी | सहायक तेस्रो | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| (घ) | राजपत्र अनङ्कित द्वितीय श्रेणी | सहायक चौथो | ९०% | - | १०% |
| (ङ) | राजपत्र अनङ्कित प्रथम श्रेणी | सहायक पाँचौं | ५०% | - | ५०% |
| (च) | राजपत्राङ्कित तृतीय श्रेणी | अधिकृत सातौं (नेपाल स्वास्थ्य सेवाको चिकित्सक बाहेक) | ७०% | १०% | २०% |
| (छ) | राजपत्राङ्कित तृतीय श्रेणी | अधिकृत आठौं (नेपाल स्वास्थ्य सेवाको चिकित्सक) | १००% | - | - |
| (छ) | राजपत्राङ्कित द्वितीय श्रेणी | अधिकृत नवौं | १०% | २०% | ७०% |
| (ज) | राजपत्राङ्कित प्रथम श्रेणी | अधिकृत एघारौं | १०% | - | ९०% |

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवाको पदमा अन्तर तह प्रतियोगिताका लागि पदसङ्ख्या निर्धारण गरिने छैन र त्यस्तो पद बढुवाद्वारा पूर्ति हुने पदमा समावेश गरिनेछ।

(४) उपदफा (१) को खण्ड (छ) वा (ज) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदका लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वा सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अधिकृतस्तरको पदमा राजपत्राङ्कित द्वितीय श्रेणी अधिकृत नवौं तहको पदको हकमा

कम्तीमा पाँच वर्ष र राजपत्राङ्कित प्रथम श्रेणी अधिकृत एघारौं तहको पदको हकमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "सङ्गठित संस्था" भन्नाले देहायका संस्था सम्झनु पर्छः-

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था,

(२) प्रचलित कानून बमोजिम स्थापना भएको परिषद् वा बोर्ड,

(३) प्रचलित कानून बमोजिम स्थापना भएको शैक्षिक संस्था,

(४) पब्लिक लिमिटेड कम्पनी, वा

(५) पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएका बैङ्क वा वित्तीय संस्था ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विषयमा विद्यावारिधि स्तरको उपाधी प्राप्त गरेको व्यक्ति दुई वर्षसम्म कम अनुभव भए पनि त्यस्तो पदमा उम्मेदवार हुन सक्ने छ ।

(६) उपदफा (४) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायमा आंशिक रूपमा गरेको काम सम्बन्धी अनुभव सो प्रयोजनका लागि गणना हुने छैन ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनका लागि "आंशिक रूपमा गरेको काम" भन्नाले प्रति हप्ता चालीस घण्टा भन्दा कम समय गरेको काम सम्झनु पर्छ।

(७) उपदफा (१) बमोजिम अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवामा बहाल रहेको वा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भई वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा बहाल रहेको देहायको कर्मचारी उम्मेदवार हुन सक्नेछः-

(क) सम्बन्धित पदमा बढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ख) दफा २९ को उपदफा (१) वा (२) बमोजिम बढुवाको लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेको,

(ग) दफा ३० वा अन्य प्रचलित कानून बमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्था नरहेको।

(८) उपदफा (१) बमोजिम बढुवाद्वारा पूर्ति हुने पदका लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह मुनिको पदमा बहाल रहेको र बढुवाका लागि आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेको निजामती कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवा तथा नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको र आवश्यक न्युनतम सेवा अवधि तथा शैक्षिक योग्यता पूरा गरेको कर्मचारी त्यसरी समायोजन हुनु अघि

बहाल रहेको सेवा, समूह वा उपसमूहको समायोजन हुनु भन्दा अघि बहाल रहेको पद भन्दा एक श्रेणी माथिको पदमा बढुवाका लागि उम्मेदवार हुन सक्नेछ।

तर प्रदेश वा स्थानीय तहको देहायको तहमा समायोजन भएको कर्मचारी सम्बन्धित प्रदेश वा स्थानीय तहको देहायको तहमा बढुवा भएमा त्यस्तो कर्मचारी यस ऐन बमोजिम हुने बढुवाका लागि उम्मेदवार हुने छैनः-

(क) राजपत्र अनङ्कित द्वितीय श्रेणी वा सो सरहको पदबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी छैठौं तह वा सो भन्दा माथिको तहमा,

(ख) राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको पदबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी सातौं तह वा सो भन्दा माथिको तहमा,

(ग) राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको पदबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी नवौं तह वा सो भन्दा माथिको तहमा,

(घ) राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी एघारौं तह वा सो भन्दा माथिको तहमा।

(१०) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा उपदफा (७), (८) वा (९) को प्रयोजनका लागि समायोजन हुनु पूर्वको सम्बन्धित पदको सेवा अवधि समेत गणना गरिने छ ।

(११) उपदफा (१) बमोजिम अन्तर तह प्रतियोगिताका लागि छुट्याइएको पदमा पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्ष बढुवाद्वारा पूर्ति गरिनेछ ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि साविकको नेपाल विविध सेवा अन्तर्गतको राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर तथा कम्प्यूटर टेक्निसियन पद र राजपत्र अनङ्कित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन ।

(१३) राजपत्र अनङ्कित द्वितीय श्रेणीका सहायक कम्प्युटर अपरेटर पदमा सात वर्ष सेवा अवधि पुरा गरेको र दफा ११० बमोजिमको नकारात्मक सूचीमा नपरेको निजामती कर्मचारीलाई राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ । यसरी बढुवा गर्न एक श्रेणी माथिको पद स्वत सिर्जना हुनेछ र साविकको पद खारेज हुने छ ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको न्यूनतम शैक्षिक योग्यता र बढुवाका लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेको राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्यूटर अपरेटर नेपाल प्रशासन सेवाको तोकिए बमोजिमको समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछ ।

(१५) राजपत्र अनङ्कित पाँचौं श्रेणीको पद रिक्त भएमा मुख्य कार्य गर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका पद बाहेक अन्य रिक्त पदमा स्थायी पदपूर्ति गरिने छैन र यसरी मुख्य कार्य गर्ने भनी तोकेका पद बाहेकका राजपत्र अनङ्कित पाँचौं श्रेणीका अन्य पदबाट सम्पादन हुने काम सेवा करारबाट गराउनु पर्नेछ ।

११. **पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः** (१) निजामती सेवालाई समावेशी बनाउन दफा १० को उपदफा (१) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूबीच मात्र र बाँकी पचास प्रतिशत पदमा उपदफा (३) बमोजिमको समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने छ ।

(२) उपदफा (१) बमोजिम महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका महिला उम्मेदवारहरूबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने छ :-

| | |
|---|---|
| (क) दलित | -बारह दशमलब पाँच प्रतिशत |
| (ख) आदिवासी जनजाति | -पच्चीस दशमलब चार प्रतिशत |
| (ग) खस आर्य | -सत्ताइस दशमलब दुई प्रतिशत |
| (घ) मधेसी | -पन्ध्र दशमलब तीन प्रतिशत |
| (ङ) थारु | -छ दशमलब छ प्रतिशत |
| (च) मुस्लिम | -चार प्रतिशत |
| (छ) पिछडिएको क्षेत्र | -चार प्रतिशत |
| (ज) अपाङ्गता भएका व्यक्ति | -चार प्रतिशत |

स्पष्टीकरण : खण्ड (छ) र उपदफा (३) को खण्ड (छ) को प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले तोकिए बमोजिमका स्थानीय तह सम्झनु पर्छ ।

(३) उपदफा (२) बमोजिमको पद बाहेकको बाँकी पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका उम्मेदवारहरूबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने छः -

| | |
|---|---|
| (क) दलित | -पन्ध्र दशमलब पाँच प्रतिशत |
| (ख) आदिवासी जनजाति | -बत्तीस दशमलब पाँच प्रतिशत |
| (ग) विपन्न खस आर्य | -दश प्रतिशत |
| (घ) मधेसी | -उन्नाइस प्रतिशत |
| (ङ) थारु | -नौ प्रतिशत |
| (च) मुस्लिम | -पाँच प्रतिशत |



www.prasashan.com

(छ) पिछडिएको क्षेत्र -पाँच प्रतिशत

(ज) अपाङ्गता भएका व्यक्ति -चार प्रतिशत

स्पष्टीकरण : खण्ड (ग) को प्रयोजनका लागि "विपन्न खस आर्य" भन्नाले प्रचलित कानून बमोजिम गरिबीको परिचयपत्र प्राप्त खस आर्य समुदायको व्यक्ति र त्यसरी परिचयपत्र उपलब्ध नगराए सम्मका लागि तोकिए बमोजिम भन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरी पठाएको खस आर्य समुदायको व्यक्ति सम्झनु पर्छ ।

(४) उपदफा (२) बमोजिम कुनै समूहको महिलाका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा त्यस्तो पदमा सोही उपदफा बमोजिम अन्य समूहको महिलाका लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण गरेका तर सिफारिस हुन नसकेका उम्मेदवार मध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नुपर्ने छ ।

(५) उपदफा (३) बमोजिम कुनै समूहका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा सोही उपदफा बमोजिम अन्य समूहका लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण गरेका तर सिफारिस हुन नसकेका उम्मेदवार मध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नुपर्ने छ ।

(६) उपदफा (२) वा (३) बमोजिम छुट्याइएको पदमा उपदफा (४) वा (५) बमोजिम समेत पूर्ति हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गरिनेछ र त्यसरी गरिएको विज्ञापनमा समेत पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिने छ ।

(७) उपदफा (२) वा (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क (फ्रयाक्सन) आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा घाताङ्क आएको हो सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जाने छ ।

(८) दफा १० र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) वा (३) बमोजिम अपाङ्गता भएका व्यक्तिका लागि छुट्याइएको पदमा कुनै खास प्रकृतिको कामका लागि तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिहरूबीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिने छ ।

(१०) यस दफा बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ ।

www.prasashan.com

(११) उपदफा (२) वा (३) बमोजिमको समूहका लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेश गर्नु पर्नेछ।

(१२) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको हैसियतमा सो समूहबाट प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले बुझाउने दरखास्तको साथमा प्रचलित कानून बमोजिमको पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता वा मध्यम अशक्त अपाङ्गताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

(१३) नेपाल सरकारले यस दफा बमोजिमको प्रावधान प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नेछ।

१२. <u>लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने</u>: (१) खुला प्रतियोगिता र अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ ।

(२) दफा १० र ११ बमोजिम पदपूर्तिका लागि लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गरी विज्ञापन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पदसङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ ।

१३. <u>पदपूर्तिका लागि माग गर्ने</u>: (१) सङ्घीय निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो निकाय समक्ष पठाउनु पर्नेछ ।

तर अनिवार्य अवकाशका कारण रिक्त हुने पदको हकमा अवकाश हुनुभन्दा छ महिना अगावै विवरण पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि सो निकायले सरुवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्ने र नसकिने भए राजपत्राङ्कित वा अधिकृतस्तरको पदको हकमा सेवा सञ्चालन गर्ने निकाय मार्फत माग फाराम भरी मन्त्रालयमा पठाउनु पर्नेछ र राजपत्र अनङ्कित वा सहायकस्तरको पदको हकमा पदपूर्तिका लागि पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा लोक सेवा आयोगमा पठाउन सम्बन्धित कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम राजपत्र अनङ्कित वा सहायक स्तरको पदमा लोक सेवा आयोगमा माग गर्न लेखी आएपछि सम्बन्धित कार्यालयले लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा मागको आकृति फाराम भरी लोक सेवा आयोगमा पठाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ।

(४) मन्त्रालयले राजपत्राङ्कित वा अधिकृतस्तरको रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा लोक सेवा आयोगमा पुग्ने गरी पदपूर्तिका लागि माग पठाई सेवा सञ्चालन गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ ।

www.prasashan.com

(५) उपदफा (३) बमोजिम मन्त्रालयले पदपूर्तिका लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्न सक्नेछ ।

१४. **पदपूर्तिमा बन्देज**: (१) सङ्घीय निजामती सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरी नियुक्ति गरिने छैन।

(२) उपदफा (१) विपरीत नियुक्ति गरेमा त्यसरी नियुक्ति भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुल उपर गरिनेछ।

१५. **ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने** : निजामती कर्मचारीले गर्नुपर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन ।

तर,

(1) नेपाल स्वास्थ्य सेवाको कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको कारण स्वास्थ्य सेवा प्रवाह गर्न कठिनाइ परेमा नेपाल सरकारले त्यस्तो चिकित्सक वा स्वास्थ्यकर्मी विदामा बसेको अवधिभरका लागि निजको पदमा योग्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीलाई करार सेवामा लिई काममा लगाउन सक्नेछ।

(2) दफा १० को उपदफा (१५) बमोजिम मुख्य कार्य गर्ने भनी तोकिएका पद बाहेक राजपत्र अनंकित पाँचौं श्रेणीका पदबाट सम्पादन गरिने काम सेवा करारबाट सम्पादन गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सेवा करारबाट काम गराउँदा त्यस्तो सेवा करार बमोजिम काम गर्ने व्यक्तिका लागि प्रचलित कानून बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था समेत गर्नु पर्नेछ।

१६. **नियुक्ति र पदस्थापन**: (१) सङ्घीय निजामती सेवाको **राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदमा नेपाल सरकारले र राजपत्राङ्कित द्वितीय वा तृतीय श्रेणीको पदमा** सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको अधिकृतले नियुक्ति गर्नेछ ।यसरी गरिएको नियुक्तिको सूचना सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) सङ्घीय निजामती सेवाको राजपत्र अनङ्कित पदमा विभागीय प्रमुख वा राजपत्राङ्कित श्रेणीको कार्यालय प्रमुखले नियुक्ति गर्नेछ।

(३) सङ्घीय निजामती सेवाको रिक्त पदमा नयाँ नियुक्तिद्वारा वा सरूवा गरी पदपूर्ति गर्दा जुन पदको दरबन्दी हो सोही पदका कमर्चारीबाट मात्र पदपूर्ति गर्नु पर्नेछ।

१७. **व्यक्तिगत विवरण**: (१) सङ्घीय निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको एक महिनाभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण (सिटरोल) तयार गरी कार्यरत कार्यालयमा पेश गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको पन्ध्र दिनभित्र प्रमाणित गरी आवश्यक कागजात सहित राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ।

(३) राष्ट्रिय किताबखानाले व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी सम्बन्धित कर्मचारीलाई संकेत नम्बर उपलब्ध गराउनु पर्नेछ। त्यस्तो सङ्केत नम्बर त्यस्ता कर्मचारीको सरूवा, बढुवा लगायत पत्राचारमा प्रयोग गरिनेछ।

(४) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।

(५) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुने छ ।

१८. **उम्मेदवार हुनका लागि योग्यताः** (१) देहायको योग्यता भएको नेपाली नागरिक सङ्घीय निजामती सेवाको पदमा उम्मेदवार हुन सक्नेछः-

(क) राजपत्र अनङ्कित वा सहायक तहको पदमा अठार वर्ष उमेर पूरा भएको,

(ख) राजपत्राङ्कित वा अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा नभएको,

तर,

(१) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको सङ्घीय निजामती सेवाको पदमा चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(२) सङ्घीय निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारी वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा स्थायी नियुक्ति भएका कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

(३) राजपत्राङ्कित प्रथम श्रेणी अधिकृत एघारौं तह र राजपत्राङ्कित द्वितीय श्रेणी नवौं तहको पदका लागि हुने खुला प्रतियोगितामा नेपाल स्वास्थ्य सेवाको हकमा पैंतालिस वर्ष र अन्य सेवाको हकमा चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(४) दफा ११ को उपदफा (२) को खण्ड (ज) र उपदफा (३) को खण्ड (ज) बमोजिम अपाङ्गता भएको व्यक्तिका लागि छुट्याइएको पदका लागि चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(५) यस ऐन बमोजिम अन्तर तह प्रतियोगिता वा बढुवाका लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको ।

(२) देहायको व्यक्ति सङ्घीय निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनः -

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सरकारी सेवाबाट बर्खास्त गरिएको,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

१९. **<u>पदाधिकार र जिम्मेवारी</u>**: (१) देहायको अवस्थामा निजामती कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछ :-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) विदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) अर्को पदमा कायम मुकायम भई काम गरेको अवधिभर,

(च) काजमा खटिएको अवधिभर ।

(२) देहायको अवस्थामा बाहेक कुनै निजामती कर्मचारीलाई जिम्मेवारी नदिई पन्ध्र दिनभन्दा बढी अवधिसम्म राख्न सकिने छैन: -

(क) विदामा रहेकोमा,

(ख) निलम्बन भएकोमा,

(ग) सेवा समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेकोमा।

(३) उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनुपर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारबाही हुनेछ ।

२०. **<u>शपथग्रहण</u>**: सङ्घीय निजामती सेवाको राजपत्र अनङ्कित वा सहायक तहको पदमा तथा राजपत्राङ्कित वा अधिकृत तहको पदमा पहिलो पटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक निजामती कर्मचारीले तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

२१. **<u>परीक्षणकाल</u>** : (१) सङ्घीय निजामती सेवाको पदमा नियुक्ति गर्दा एक वर्ष परीक्षणकालमा रहने गरी गरिने छ ।



www.prasashan.com

(२) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ ।

(३) परीक्षणकालमा नियुक्ति बदर नगरिएका निजामती कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिने छ ।

तर सङ्घीय निजामती सेवामा एक पटक परीक्षण काल पूरा गरेको कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन ।

२२. **मुख्य सचिव र सचिवको पदावधि** : मुख्य सचिवको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्षको हुने छ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि-

(१) "मुख्य सचिव" भन्नाले नेपाल सरकारको मुख्य सचिव र सो सरहको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत पन्ध्रौं तहको पदमा रहेको निजामती कर्मचारी सम्झनु पर्छ ।

(२) "सचिव" भन्नाले राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत चौधौं तहको जुनसुकै पदमा रहेको निजामती कर्मचारी सम्झनु पर्छ ।

२३. **कायम मुकायम र निमित्त** : (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा, विदा स्वीकृत नगराई सात दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून बमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनका लागि समान श्रेणी वा तहको वा बढुवाका लागि सम्भाव्य उम्मेदवार भइसकेको एक श्रेणी वा तह मुनिको निजामती कर्मचारीलाई बढीमा छ महिनाका लागि कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सोही पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन ।

(३) उपदफा (१) वा (२) विपरित कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा वापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ ।

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा त्यस्तो कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये वरिष्ठतम् कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नुपर्ने छ ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैंले गर्नुपर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिकरूपमा सम्पादन गर्नुपर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ ।

www.prasashan.com

## परिच्छेद-४

## **सरुवा र काज**

२४. **सरुवा गर्ने अधिकार**: (१) निजामती कर्मचारीलाई सरुवा गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

तर,

(१) एक मन्त्रालय वा सङ्घीय निकाय वा अन्तर्गतको विभाग वा कार्यालयको कर्मचारीलाई अर्को मन्त्रालय वा सङ्घीय निकाय वा अन्तर्गतको विभाग वा कार्यालयमा मन्त्रालयले सरुवा गर्नेछ ।

(२) नेपाल प्रशासन सेवा, लेखा समूहका कर्मचारीलाई महालेखा नियन्त्रक कार्यालयले सरुवा गर्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीका कर्मचारीलाई नेपाल सरकारले सरुवा गर्नेछ ।

(३) निजामती कर्मचारीलाई सरुवा गर्दा तोकिए बमोजिम चक्रीय प्रणाली अवलम्बन गरिनेछ। यसरी सरुवा गर्दा कर्मचारीको दरबन्दी भएसम्म सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउने, पूर्वानुमानयोग्य र पारदर्शी हुने गरी तोकिए बमोजिमको आधार र प्राथमिकता बमोजिम गरिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र श्रेणी वा तहका कर्मचारीहरूलाई पद भएका क्षेत्रमा वस्तुगत मापदण्ड बनाएर सरुवा गर्न सकिनेछ ।

(५) राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणी वा सो सरहका निजामती कर्मचारीलाई आवश्यकता अनुसार र अन्य निजामती कर्मचारीलाई दुई वर्ष पूरा भए पछि अर्को कार्यालयमा सरुवा गर्न सकिनेछ ।

तर नेपाल परराष्ट्र सेवा अन्तर्गतका निजामती कर्मचारीलाई वैदेशिक नियोगमा गरिने सरुवा सम्बन्धी व्यवस्था सेवा समूह सम्बन्धी नियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा राजपत्र अनङ्कित कर्मचारीलाई सरुवा गर्ने अधिकार प्राप्त अधिकारी भन्दा एक श्रेणी वा तह माथिको अधिकारीको सहमति लिई र राजपत्राङ्कित कर्मचारीलाई मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिनेछ: -

(क) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै निजामती कर्मचारीलाई निजको काम कारबाही, व्यवहार र आचरणको कारण कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको पर्याप्त आधार र कारण भएमा,

(ग) सङ्घीय निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत निजामती कर्मचारी फाजिलमा परेमा ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन विदामा रहेको वा स्वतः निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै विदामा रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामका लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नका लागि खटाईएको निजामती कर्मचारीको हकमा पदाधिकार रहेको मन्त्रालयको सहमति लिई सो अवधिभरका लागि विशेष पद सिर्जना गरी पदाधिकार केन्द्रीयस्तरको निकायमा सार्न सकिनेछ।

तर यसरी विशेष पद सिर्जना गरी पदाधिकार सारिएको कारणले मात्र त्यस्तो पद दफा १० को प्रयोजनको लागि रिक्त मानिने छैन।

(८) उपदफा (६) र (७) बमोजिम अवधि नपुग्दै कुनै कर्मचारीलाई सरुवा गर्दा वा सरुवा गर्न सहमति माग गर्दा त्यसरी सरुवा गर्नु परेको कारण खुलाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्ने छ ।

(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश वा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको त्यस्ता निकायभित्रको काज तथा सरुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) दफा ७ को उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गरिएका विभागीय प्रमुख, आयोजना प्रमुख वा कार्यालय प्रमुखलाई आर्थिक वर्ष पुरा नहुँदै सरुवा गर्नु परेमा निजको सम्झौता बमोजिमको कार्य प्रगति अवस्था र सरुवा गर्नुपर्नाका वस्तुगत कारण स्पष्ट खोली मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(११) कुनै संवैधानिक निकायमा बहाल रहेका कुनै विशिष्टिकृत कामको विशेषज्ञता कायम भएका वा विशेष गोपनीयता कायम गर्नुपर्ने प्रकृतिका काममा संलग्न निजामती कर्मचारीलाई त्यस्तो निकायबाट अन्यत्र सरुवा गर्दा सम्बन्धित निकायसँग परामर्श गरी सरुवा गर्नु पर्नेछ ।

(१२) यस दफा विपरित मन्त्रालयले गरेको सरुवा नेपाल सरकारले र अन्य निकाय वा अधिकारीले गरेको सरुवा मन्त्रालयले बदर गर्नेछ ।

(१३) यस दफा विपरीत सरुवा गर्ने अधिकारीलाई अख्तियारवालाले विभागीय कारबाही गर्ने छ ।

(१४) यस दफा बमोजिम सरुवा हुने कर्मचारी बाटोको म्याद बाहेक तोकिएको समयभित्र बरबुझारथ गरी खटिएको कार्यालयमा हाजिर हुन जानु पर्नेछ ।

www.prashant.com

(१५) उपदफा (१४) बमोजिम रमाना दिई पठाउनु सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी हुनेछ ।

(१६) उपदफा (१४) र (१५) विपरीत रमाना नदिने वा हाजिर हुन नजाने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ ।

(१७) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **भौगोलिक क्षेत्रको वर्गीकरण**: यस ऐनको प्रयोजनका लागि भौगोलिक विकटतालाई आधार मानी नेपालको भौगोलिक क्षेत्रलाई तोकिए बमोजिम "क", "ख", "ग" र "घ" गरी चार वर्गमा वर्गीकरण गरिने छ ।

२६. **काज सम्बन्धी व्यवस्था**: (१) निजामती कर्मचारीको विशिष्ट ज्ञान, सीप, योग्यता र अनुभवको उपयोग गर्न आवश्यक परेको अवस्थामा निज कार्यरत मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गतको कार्यालयमा एक आर्थिक वर्षमा बढीमा तीन महिनाका लागि मात्र काज खटाउन सकिनेछ ।

तर निर्वाचन, लेखापरीक्षण, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन, तालिम, नापी टोली, सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, महामारी वा संक्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापन लगायतका काम र अस्थायी प्रकृतिका आयोग वा समितिको काम गर्न कुनै निजामती कर्मचारीलाई सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले मन्त्रालयको सहमति लिई बढीमा एक वर्षसम्म काज खटाउन सक्नेछ।

(२) कुनै निजामती कर्मचारीलाई सङ्घीय निजामती सेवाको पद नभएको निकाय वा नेपाल सरकारको आयोजनाका लागि स्वीकृत अस्थायी दरबन्दीमा काज खटाउँदा राजपत्र अनङ्कित वा सहायक स्तरका कर्मचारीको हकमा सम्बन्धित केन्द्रीय निकायको र राजपत्राङ्कित वा अधिकृतस्तरको कर्मचारीको हकमा मन्त्रालयको सहमति लिई बढीमा एक आर्थिक वर्षका लागि काज खटाउन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत काजमा खटाउनुपर्ने भएमा काज खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मन्त्रालयले काज खटाउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीलाई प्रदेश वा स्थानीय तहको माग बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान श्रेणी वा तहको मिल्दो रिक्त पदमा एक पटकमा बढीमा दुईवर्षका लागि खटिएको तहबाटै तलब भत्ता खाने गरी काज खटाउन सकिनेछ ।

(५) प्रदेश तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा विशेषज्ञ सेवा प्रदान गर्न तोकिए बमोजिमका विशिष्टिकृत पदहरूमा आवश्यकताका आधारमा नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूलाई निश्चित समय अवधि तोकी काजमा खटाउन सकिनेछ ।

(६) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन रमाना दिई पठाउनु पर्ने छ । काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी गरिने छैन। त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा सम्बन्धित कार्यालय प्रमुख, लेखा प्रमुख र भुक्तानी दिने कर्मचारीबाट असूल उपर गरिनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारीलाई विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काज खटाइने छैन ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय निजामती सेवाको कुनै सेवा, समूह, उपसमूह वा श्रेणीको दरबन्दीमा अन्य सेवा, समूह, उपसमूह वा श्रेणीको कर्मचारी वा प्रदेश वा स्थानीय तहको सेवाका कर्मचारीलाई काजमा खटाइने छैन ।

(९) यस दफा विपरीत मन्त्रालयले खटाएको काज नेपाल सरकारले र अन्य निकाय वा अधिकारीले खटाएको काज मन्त्रालयले बदर गर्न सक्नेछ र त्यसरी काज खटाउने अधिकारीलाई विभागीय कारबाही हुनेछ ।

## परिच्छेद-५

## बढुवा

२७. **बढुवा समिति**: (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सङ्घीय निजामती सेवाको नेपाल स्वास्थ्य सेवा बाहेक अन्य सेवाको राजपत्राङ्कित पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछन् :-

(क) मुख्य सचिव बाहेक राजपत्राङ्कित विशिष्ट, प्रथम र द्वितीय श्रेणीको पदका लागि, -

(१) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोकसेवा आयोगको वरिष्ठ सदस्य - अध्यक्ष

(२) लोक सेवा आयोगको अध्यक्षले तोकेको सो आयोगको सदस्य - सदस्य

(३) नेपाल सरकारको मुख्य सचिव - सदस्य

(४) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(५) सचिव, मन्त्रालय - सदस्य-सचिव

(ख) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदबाट राजपत्राङ्कित तृतीय श्रेणीको पदका लागि, -

(१) लोक सेवा आयोगको अध्यक्षले तोकेको सो आयोगको सदस्य - अध्यक्ष

(२) सचिव, मन्त्रालय - सदस्य

(३) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(४) सचिव, लोकसेवा आयोग -सदस्य

(५) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय निकायको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य-सचिव

(२) बढुवा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयमा कायम मुकायम वा निमित्त सचिव रहेको अवस्थामा मुख्य सचिवले तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले सो बढुवा समितिको सदस्य-सचिव भई कामकाज गर्नेछ ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा र खण्ड (ख) बमोजिमको बढुवा समितिको सचिवालय सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायमा रहनेछ ।

(५) राजपत्र अनङ्कित पदमा बढुवाका लागि सिफारिस गर्न तोकिए बमोजिमको बढुवा समिति रहनेछ ।

(६) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि बढुवा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) बढुवा समितिले बढुवा सिफारिसको नामावली प्रकाशन गर्दा बढुवाका लागि आवेदन गरेका सबै सम्भाव्य उम्मेदवारको योग्यताक्रम प्रकाशन गर्नु पर्नेछ।

(८) बढुवा समितिले बढुवा आवेदन फाराम र आवश्यक कागजात प्राप्त गरेको मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ।

२८. <u>राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा</u>: (१) राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत पन्ध्रौं तहको मुख्य सचिव वा सो सरहको पदमा बहालवाला राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत चौधौं तहका कर्मचारीमध्येबाट नेपाल सरकारले ज्येष्ठता तथा कार्यदक्षताको आधारमा छनौट गरी बढुवा गर्नेछ।

(२) राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत चौधौं तहको पदमा बढुवा गर्दा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको औषतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको तथा दफा ११० बमोजिमको नकारात्मक सूचीमा नपरेको सम्बन्धित सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत तेह्रौं तहको पदमा सबैभन्दा बढी सेवा अवधि भएको कर्मचारीलाई बढुवा समितिको सिफारिशमा नेपाल सरकारले बढुवा गर्नेछ।

www.prasashan.com

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा र नेपाल लेखापरीक्षण सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत चौधौं तहको पद बाहेक अन्य राजपत्राङ्कित विशिष्ट श्रेणीको चौधौं तहको पदमा सेवा समूह रहने छैन ।

(४) राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत तेह्रौं तहको पदमा बढुवा गर्दा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बहाल रही बढुवाको सम्भाव्य उम्मेदवार भएका निजामती कर्मचारीहरु मध्येबाट दफा ३२ बमोजिमको आधारमा बढुवा समितिले गरेको सिफारिस बमोजिम नेपाल सरकारले बढुवा गर्नेछ।

(५) उपदफा (४) बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत तेह्रौं तहको पदमा बढुवा गर्दा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत बाह्रौं तह र अधिकृत एघारौं तहमा सेवा गरेको अवधि गणना गरिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवा वा नेपाल स्वास्थ्य सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवाको एघारौं तहको पदमा समायोजन भएको कर्मचारी समेत राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत तेह्रौं तहको पदमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछ।

(७) यस दफा बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत तेह्रौं तहको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीले नेपाल सरकारले तोकेको उच्चस्तरीय व्यवस्थापन तालीम समेत उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(८) राजपत्राङ्कित विशिष्ट श्रेणी अधिकृत पन्ध्रौं र अधिकृत चौधौं तहको पदमा पदमा बहाल रहेको निजामती कर्मचारी उमेर वा पदावधिको कारणले अनिवार्य अवकाश भई पद रिक्त हुने भएमा त्यसरी पद रिक्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै र अन्य कारणले त्यस्तो पद रिक्त भएमा रिक्त भएको पन्ध्र दिनभित्र बढुवा समितिले सिफारिस गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बढुवा समितिले सिफारिस गरेको पन्ध्र दिनभित्र नेपाल सरकारले त्यस्तो रिक्त पद पूर्ति गर्नु पर्नेछ ।

२९. **<u>बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता</u>**: (१) बढुवाका लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवाका लागि विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ:-

(क) राजपत्र अनङ्कित पदका लागि तीन वर्ष,

(ख) राजपत्राङ्कित पदका लागि पाँच वर्ष ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित तृतीय श्रेणी अधिकृत सातौं तहको पदमा बढुवाको लागि सोही श्रेणीको अधिकृत छैठौं तहमा बहाल रहेका कर्मचारी उम्मेदवार हुन सक्नेछन् र यस्ता कर्मचारीले राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा गरेको सेवा अवधि समेत सो बढुवाको प्रयोजनको लागि गणना गरिनेछ।



www.prasashan.com

(३) उपदफा (१) बमोजिम बढुवाका लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदमा खुला प्रतियोगिताको लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित विशिष्ट, प्रथम र द्वितीय श्रेणीको पदमा बढुवाका लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा खुला प्रतियोगिताको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिने छ।

३०. **<u>बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने</u>**: (१) दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पाउनेछैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एकवर्ष सम्म,

(ग) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(ङ) दफा ४३ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन बर्षको अवधिभर,

(च) नेपाल स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति देहायको अवधिभर खुला प्रतियोगिता वा अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदका लागि समेत सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः -

(क) प्रचलित कानून बमोजिम निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) यो ऐन वा सेवा शर्त सम्बन्धी अन्य कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर ।

३१. **<u>बढुवा नियुक्तिको रोक्का</u>**: (१) बढुवाका लागि सिफारिस भइसकेको कुनै निजामती कर्मचारीले बढुवा नियुक्ति नपाउँदै निलम्बन, बढुवा रोक्का, तलबवृद्धि रोक्का भएमा वा नसिहत पाएमा दफा ३० बमोजिमको अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरी सो अवधि समाप्त भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिइने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा नियुक्ति रोक्का भएको निजामती कर्मचारीले लागेको आरोपबाट सफाई पाएमा वा निलम्बन अवधि समाप्त भएमा निजको बढुवा नियुक्ति रोक्का नभए सरह बढुवा भएको पदको ज्येष्ठता कायम गरिने छ ।

३२. **बढुवा:** (१) बढुवा समितिले बढुवाका लागि सिफारिस गर्दा देहायका कर्मचारी मध्ये जेष्ठ कर्मचारीको नाम सिफारिस गर्नेछः-

(१) दफा २९ बमोजिम बढुवाका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पूरा गरेको,

(२) बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औषतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको,

(३) बढुवा हुने पदभन्दा एक श्रेणी वा तह मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा तीस कार्य दिन वा सोभन्दा बढीको सेवाकालीन तालीम लिएको,

(४) दफा ३० बमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्था नरहेको ।

(२) उपदफा (१) को प्रयोजनका लागि जेष्ठता निर्धारण गर्दा देहायको आधारमा निर्धारण गरिनेछः-

(१) हाल बहाल रहेको पदमा जेष्ठता लागू भएको मितिको आधारमा,

(२) खण्ड (क) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा भौगोलिक क्षेत्र वापत बढी अङ्क प्राप्त गरेको आधारमा,

(३) खण्ड (ख) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(४) खण्ड (ग) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गरेको आधारमा,

(५) खण्ड (घ) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पद भन्दा एक श्रेणी मुनिको पदमा जेष्ठता लागू भएको मितिको आधारमा,

(६) खण्ड (ङ) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा उमेरको जेष्ठताको आधारमा ।

३३. **कार्यसम्पादनको मूल्याङ्कन:** (१) निजामती कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।

(२) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः–

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम – पच्चीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम – दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम – पाँच अङ्क

(३) सुपरीवेक्षक, पुनरावलोकनकर्ता, पुनरावलोकन समितिले निजामती कर्मचारीहरूको कार्य सम्पादनबापत अङ्क दिँदा यस दफा र कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरूप दिनु पर्नेछ ।

(४) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रूपमा गरिनेछ ।

www.prasashan.com

(५) राजपत्र अनङ्कित निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित कार्यालय प्रमुख तथा विभागीय प्रमुखले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी, गराई त्यसको तीन प्रति तयार गरी एक प्रति लोकसेवा आयोग, एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्ने छ ।

(६) राजपत्राङ्कित निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोग वा केन्द्रीय निकायको सचिवले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति लोकसेवा आयोग र एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोग वा केन्द्रीय निकायमा राख्नु पर्ने छ ।

(७) कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रत्येक निकायले तोकिएको अवधिभित्र आफूले मूल्याङ्कन गरेको फाराम पेस गर्नुपर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी वा वेबसाइटमा प्रकाशन गर्नुपर्ने छ ।

(८) एक वर्षमा एकभन्दा बढी कार्यालयमा कार्यरत कर्मचारीले सरुवा भई रमाना लिई आउँदा तोकिएबमोजिमको ढाँचामा सम्बन्धित सुपरीवेक्षकबाट कार्यसम्पादन मूल्याङ्कन फाराम भराई सो समेत लिई आउनु पर्नेछ ।

(९) प्रत्येक निजामती कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भरी तोकिएको समयावधिभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नुपर्ने छ । त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सोको मनासिब कारणसहित म्याद थपका लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरिवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिब देखेमा तोकिएको समयावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्ने छ ।

(१०) उपदफा (९) बमोजिम थपिएको म्याद पछि सोही आर्थिक वर्षभित्रै कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता हुन आएमा दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कन बापत कुल प्राप्ताङ्कबाट पुनरावलोकन समितिले एक अङ्क घटाउने छ ।

(११) कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै निजामती कर्मचारी वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानुपर्ने अवस्था परेमा त्यसरी जानुभन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनुपर्ने छ । त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमै दर्ता भएको मानी मूल्याङ्कन गर्नुपर्ने छ ।

(१२) यस दफा बमोजिम कार्यसम्पादन मूल्याङ्कन वापतको अङ्क दिँदा कार्यसम्पादन सम्झौता बमोजिमको कार्य प्रगति पचहत्तर प्रतिशत भन्दा कम हुने निजामती कर्मचारीलाई नब्बे प्रतिशत भन्दा बढी अङ्क दिइने छैन ।

(१३) कार्य सम्पादन मूल्याङ्कनबापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले पन्चानब्बे प्रतिशतभन्दा बढी वा पचहत्तर प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनुपर्नेछ र पचहत्तर प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समितिसमक्ष पेश गर्नुपर्ने छ ।



www.prasashan.com

(१४) कार्य सम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको सो मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारणसमेत खुलाई फिर्ता पठाउन सक्ने छ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनुपर्ने छ ।

(१५) प्रत्येक वर्ष पुनरावलोकन समितिबाट कार्यसम्पादन मूल्याङ्कन भइसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको सचिवालयले जानकारी दिनुपर्ने छ ।

(१६) उपदफा (१५) बमोजिम जानकारी लिएपछि सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरवालोकन समितिले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारणसहित सात दिनभित्र तोकिएबमोजिमको अधिकारीसमक्ष उजुरी गर्न सक्ने छ । त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरीउपर सम्बन्धित सुपरिवेक्षक, पुनरावलोकनकर्ता वा पुनरावलोकन समिति सँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिएबमोजिम संशोधन गर्न सक्ने छ ।

(१७) निजामती कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिने छ ।

(१८) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनका लागि अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिने छ ।

तर,

(१) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा अध्ययन, तालिम वा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिने छ ।

(२) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारको हिसाब गरिने छ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन । असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरूका बढुवाका लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कनबापतको अङ्क गणना गरिने छ ।

३४. **<u>भौगोलिक क्षेत्रको विभाजनः</u>** (१) दफा २५ बमोजिम बर्गीकरण गरिएको बिभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत निजामती कर्मचारीलाई सोह्र अङ्कमा नबढ्ने गरी देहायबमोजिम अङ्क दिइनेछः–

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि अङ्क ४.०० का दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि अङ्क ३.२५ का दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि अङ्क २.५० का दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि अङ्क १.५० का दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन ।

(३) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तीस दिन रुजु हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन । दुई सय तेत्तीस दिनभन्दा बढी अवधिका लागि दामासाहीको दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिका लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्ग सरहको अङ्क दिइनेछ । भौगोलिक क्षेत्रमा काम गरेबापत पाउने अङ्क जुन श्रेणी वा तहमा बढुवा हुने हो सोभन्दा एक श्रेणी वा तहमुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिने छ ।

**<u>स्पष्टीकरण:</u>** यस उपदफाको प्रयोजनका लागि "रुजू हाजिर" भन्नाले सार्वजनिक विदा, किरिया विदा, भैपरी आउने र पर्व विदाको अवधिलाई समेत जनाउँछ ।

(४) विदेशस्थित नेपाली कूटनैतिक नियोग वा अन्य कुनै कार्यालयमा काम गर्ने निजामती कर्मचारीलाई "घ" वर्गसरहको र नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति वा नेपाल सरकारको खर्चमा अध्ययन वा तीस दिन भन्दा बढी अवधिको वैदेशिक तालिममा काजमा जाने निजामती कर्मचारीलाई "घ" वर्गका लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ ।

३५. **<u>शैक्षिक योग्यता र तालिम:</u>** (१) निजामती कर्मचारीहरूको शैक्षिक योग्यताको गणना गर्दा सेवा, समूह वा उपसमूहको सम्बन्धित पदमा सेवा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यतालाई गणना गरिनेछ ।

(२) राजपत्राङ्कित द्वितीय श्रेणीभन्दा माथिको पदमा बढुवाका लागि पनि राजपत्राङ्कित तृतीय श्रेणीको सेवा प्रवेशका लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

(३) निजामती कर्मचारीले लिएको तालिमको गणना गर्दा तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिमलाई गणना गरिनेछ । यसरी तालिमको गणना गर्दा जुन श्रेणीमा छँदा तालिमका लागि मनोनयन भएको हो सोही श्रेणीबाट एक श्रेणी माथीको पदमा बढुवाका लागि मात्र गणना गरिनेछ ।

तर राजपत्राङ्कित तृतीय श्रेणी अधिकृत सातौं तहको पदमा बढुवा गर्दा राजपत्राङ्कित तृतीय श्रेणी अधिकृत छैठौं तहमा वा राजपत्र अनङ्कित पाँचौ श्रेणीको पदमा छँदा लिएको तालिमलाई गणना गरिनेछ ।

(४) निजामती कर्मचारीले बढुवाको दरखास्त साथ शैक्षिक योग्यता र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ र त्यस्तो प्रमाणपत्र पेश नगरेमा त्यस्तो शैक्षिक योग्यता वा तालिमलाई मान्यता दिइने छैन ।

(५) निजामती कर्मचारीले बढुवा प्रयोजनका लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ । बढुवा प्रयोजनका लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण



www.prashasan.com

बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यतालाई सो बढुवाका लागि मान्यता दिइनेछ ।

(६) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तर सम्बन्धी व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(७) निजामती कर्मचारीलाई तालिमका लागि मनोनयन गर्दा तालिमको आवश्यकता मूल्याङ्कन गरी ज्येष्ठताको आधारमा मनोनयन गर्नु पर्नेछ ।

३६. **विद्युतीय माध्यमबाट दरखास्त पेश गर्न सक्ने**: (१) कुनै निजामती कर्मचारीले सरकारी काम वा अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा विपद् वा काबू बाहिरको परिस्थिति परी दरखास्त फाराम सङ्कलन गर्ने निकायमा बढुवाको दरखास्त पेश गर्न नसक्ने भएमा तोकिए बमोजिम विद्युतीय माध्यमबाट आफु कार्यरत विभाग वा कार्यालयमा दरखास्त पेश गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट दरखास्त फाराम प्राप्त भएमा सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो दरखास्त फाराम म्यादभित्र दरखास्त फाराम सङ्कलन गर्ने निकायमा पठाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता वा बढुवाका लागि दरखास्त माग गर्दा विद्युतीय माध्यमबाट दरखास्त माग गर्न सकिने छ ।

३७. **बढुवा मिति र बढुवा नियुक्ति**: (१) दफा २७ को उपदफा (८) बमोजिम बढुवा नतिजा प्रकाशन भए पछि बढुवा उजूरीको प्रयोजनका लागि सो नतिजा प्रकाशन भएको मितिबाट पन्ध्र दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिने छ । त्यस्तो बढुवा सिफारिस उपर उजूरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले सोह्रौं दिनको मितिबाट बढुवा हुने श्रेणी वा तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिस उपर उजूर परेमा देहाय अनुसार ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछः -

(क) दफा ३८ को उपदफा (२) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि,

(ख) उजूरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक बढुवा नतिजा प्रकाशन भएको मितिले सोह्रौं दिनदेखि, र

(ग) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि ।

www.prasashan.com

३८. **बढुवाको उजूरी**: (१) बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र लोकसेवा आयोगमा उजूरी दिन सक्नेछ र त्यसरी परेको उजूरीमा उजूरी गर्ने म्याद समाप्त भएको मितिले तीस दिनभित्र टुङ्गो लगाइने छ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजूरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा लोक सेवा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ ।

(३) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्त्विक असर पर्ने गरी झुठा विवरण पेश गरेको प्रमाणित भएमा निजलाई विभागीय कारबाही गरिनेछ र सो आधारमा कुनै कर्मचारीको बढुवा भएको भएमा अख्तियारवालाले निजको बढुवा रद्द गर्ने छ ।

३९. **बढुवा सम्बन्धी विशेष व्यवस्था**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीको पदमा कम्तीमा पन्ध्र वर्ष बहाल रहिरहेको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा मुनिका निजामती कर्मचारीलाई दफा ५६ को उपदफा (१) वा (२) बमोजिम अवकाश हुने मिति भन्दा एक महिना अगावै साविकको श्रेणीको पदभन्दा माथिल्लो पदमा बढुवा गरी अवकाश दिइनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीको पदमा कम्तीमा पन्ध्र वर्ष बहाल रहिरहेका राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा मुनिका कुनै निजामती कर्मचारीले दफा ५९ को उपदफा (१) बमोजिम स्वेच्छिक अवकाश लिन चाही निवेदन दिएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरी अवकाश दिईनेछ।

(३) उपदफा (१) बमोजिम बढुवा गर्नका लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो कर्मचारी अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ ।

(४) एउटै पदमा उपदफा (१) बमोजिमको अवधि पूरा भएको कुनै निजामती कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई साविकको श्रेणीको पद भन्दा माथिल्लो श्रेणीको पदको निवृत्तिभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ ।

(५) यस दफा बमोजिम हुने विशेष बढुवा सम्बन्धी व्यवस्था समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको हकमा समेत लागू हुनेछ।

४०. **बढुवाको शर्तमा परिवर्तन**: दफा २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३७, ३८, ३९ तथा सो अन्तर्गत बनेका नियमहरूमा भएको बढुवाका शर्त सम्बन्धी परिवर्तनहरू त्यस्तो परिवर्तन भएको मितिले एक वर्ष पछिको मितिदेखि मात्र लागू हुनेछ ।

४१. **तहवृद्धि सम्बन्धी व्यवस्था**: (१) देहायको तहमा पाँच वर्ष सेवा अवधि पूरा भई पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा नब्बे प्रतिशत अङ्क प्राप्त गर्ने निजामती कर्मचारीलाई माथिल्लो तहमा तहवृद्धि गरिनेछः-

(१) सहायक पाँचौं तह

(२) अधिकृत सातौं तह

(३) अधिकृत नवौं तह

(४) अधिकृत एघारौं तह

(२) उपदफा (१) बमोजिम तहवृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तहवृद्धि भएको निजामती कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै तहमा कायम रहनेछ।

(३) उपदफा (१) बमोजिम तहवृद्धि गर्दा सम्बन्धित निजामती कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर निजामती कर्मचारीलाई तहवृद्धि गरिने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(ङ) नेपाल स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्‌मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका र यो ऐन प्रारम्भ भए पछि नियुक्त हुने नेपाल स्वास्थ्य सेवाको चौथो र पाँचौ तहका निजामती कर्मचारीलाई तोकिए बमोजिम तत् तत् तहको प्रथम, द्वितीय र तृतीय स्तरमा कायम गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि माथिल्लो तहमा बढुवा हुन आवश्यक पर्ने तोकिएको सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता भएको नेपाल स्वास्थ्य सेवाको चौथो तहको कर्मचारी पाँचौ तहमा, पाँचौ तहको कर्मचारी छैठौं तहमा र छैठौं तहको कर्मचारी सातौं तहमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछ ।

(७) यो ऐन प्रारम्भ भए पछि नेपाल स्वास्थ्य सेवाको छैठौं तहको पद जुनसुकै कारणले रिक्त भएमा त्यस्तो पद स्वतः पाँचौ तहमा कायम हुनेछ ।

(८) निजामती कर्मचारीको तहवृद्धि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **राजपत्र अनङ्कित पाँचौ श्रेणीका कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्थाः** (१) राजपत्र अनङ्कित पाँचौ श्रेणीको पदको स्तर देहाय बमोजिम हुने छ :-

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौस्तर



www.prasasan.com

(२) राजपत्र अनङ्कित पाँचौ श्रेणीको पदमा शुरु नियुक्ति हुने निजामती कर्मचारीको प्रथमस्तर कायम हुने छ ।

(३) अख्तियारवालाले राजपत्र अनङ्कित पाँचौ श्रेणीको निजामती कर्मचारीको देहाय बमोजिम स्तरवृद्धि गर्ने छ: -

(क) पाँच वर्ष वा सोभन्दा बढी तर दश वर्षभन्दा कम सेवा अवधि भएकोलाई द्वितीयस्तर,

(ख) दश वर्ष वा सोभन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवा अवधि भएकोलाई तृतीयस्तर,

(ग) पन्ध्र वर्ष वा सोभन्दा बढी तर बीस वर्षभन्दा कम सेवा अवधि भएकोलाई चतुर्थस्तर,

(घ) बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएकोलाई पाँचौस्तर ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३० को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको अवधिभर स्तरवृद्धि हुने छैन ।

(५) यो ऐन प्रारम्भ हुनु अघि श्रेणीविहिन पदमा बहाल रहेको कर्मचारी यो ऐन प्रारम्भ भए पछि उपदफा (३) बमोजिमको राजपत्र अनङ्कित पाँचौं श्रेणीको सोही स्तरमा कायम रहने छ ।

४३. **<u>सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी व्यवस्था</u>**: (१) कुनै सेवा, समूह वा उपसमूहको कुनै पद दफा १० र ११ बमोजिम खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता वा बढुवाबाट लगातार दुई वर्षसम्म पदपूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पूर्ति गर्नुपर्ने भएमा नेपाल सरकारले लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा लोक सेवा आयोगले सम्बन्धित सेवा, समूह वा उपसमूह र पदका लागि निर्धारण गरिएको न्युनतम शैक्षिक योग्यता भएका समान श्रेणी वा तहको पदमा बहाल रहेका कर्मचारीहरू प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन सक्ने गरी विज्ञापन प्रकाशन गर्ने छ । यसरी हुने प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका कर्मचारीलाई नेपाल सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने छ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल स्वास्थ्य सेवामा बहाल रहेको कुनै कर्मचारीलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा त्यस्तो कर्मचारी अध्ययन पूरा गरी सेवामा हाजिर भएपछि लोक सेवा आयोगको परामर्शमा निजको विशेष योग्यतासँग सम्बन्धित समूह वा उपसमूहमा परिवर्तन गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) मा व्यवस्था भए बमोजिम बाहेक निजामती कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन हुने छैन ।

परिच्छेद-६

## तलब, भत्ता र अन्य सुविधा

४४. **तलब, भत्ता**: (१) निजामती कर्मचारीले कार्यालयमा हाजिर भएको दिनदेखि तलब, भत्ता पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई निजामती कर्मचारीलाई तलब भुक्तानी गर्नु हुँदैन ।

(३) उपदफा (२) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो निजामती कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर गरिने छ ।

(४) प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि तोकिए बमोजिम एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ ।

(५) कुनै निजामती कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रूपमा जनाई अभिलेख राख्नु पर्नेछ।

४५. **पकाएको तलब भत्ता पाउने**: (१) निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ ।

(२) निजामती कर्मचारी जुनसुकै तरिकाले सङ्घीय निजामती सेवामा नरहे पनि पकाएको तलब र भत्ता पाउनेछ ।

तर कुनै कर्मचारीसँग सरकारले असुल गर्नुपर्ने रकम रहेको भए सो रकम असुल उपर गरी बाँकी रकम मात्र भुक्तानी दिनु पर्नेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि निजामती कर्मचारीको तलब वा भत्ता कट्टा गरिने छैन ।

४६. **निलम्बन भएमा पाउने तलब**: (१) कुनै निजामती कर्मचारी सरकारी कामको सम्बन्धमा वा नेपाल सरकारको तर्फबाट भएको कारबाहीको फलस्वरूप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ ।

तर निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै निजामती कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन ।

४७. **चाडपर्व खर्च**: (१) निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वका लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एकपटक चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(२) निवृत्तिभरण पाउने गरी अवकाश प्राप्त कर्मचारी वा निजको पारिवारिक निवृत्तिभरण पाउने व्यक्तिले निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा पाउनेछ ।

४८. **कर्मचारी सञ्चय कोष**: निजामती कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिने छ ।

४९. **बीमा**: (१) नेपाल सरकारले निजामती कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमाको व्यवस्थापन गर्न एक सावधिक जीवन बीमा कोषको स्थापना गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सावधिक जीवन बीमाको व्यवस्थापन लाभांश सहित कर्मचारीलाई बढी सुविधा दिने प्रचलित कानून बमोजिम स्थापित कोष मार्फत गर्न सकिने छ ।

(४) नेपाल सरकारले निजामती कर्मचारीलाई तोकिए बमोजिम दुर्घटना बीमाको व्यवस्था गर्ने छ ।

(५) यो ऐन प्रारम्भ भएपछि निजामती कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त शैक्षिक बीमा योजना लागू गर्न सकिने छ ।

५०. **उपचार खर्च**: (१) निजामती कर्मचारीले सेवा अवधिभरमा राजपत्राङ्कित श्रेणी वा अधिकृतस्तरको कर्मचारी भए बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारी वा सो सरह वा सो भन्दा बढी तलब सुविधा पाउने राजपत्र अनङ्कित पाँचौं श्रेणीको कर्मचारी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित कर्मचारी भए एक्काईस महिना बराबरको खाईपाई आएको तलब रकमसम्म उपचार खर्च पाउने छन् ।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट निजामती कर्मचारी सेवाबाट अलग हुँदा यस नियम बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।

(३) बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भई निवृत्तिभरण पाउने गरी सेवाबाट अलग भएको निजामती कर्मचारीले उपचार खर्च बापत लिन बाँकी रकममा क्रमश: दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(४) दश वर्ष सेवा अवधि नपुगेको कुनै निजामती कर्मचारीलाई औषधि उपचारका लागि खर्च दिँदा यस नियममा तोकिएको रकमलाई दश वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले यो ऐन प्रारम्भ भएपछि सङ्घीय निजामती सेवामा प्रवेश गर्ने निजामती कर्मचारीको यस दफा बमोजिमको उपचार खर्चको सट्टा स्वास्थ्य बिमा लागू गर्न सक्नेछ ।

www.prasashan.com

(६) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना, प्रकोप वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको उपचारमा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने छ । यसरी उपचार गराउँदा उपलव्ध भएसम्म सरकारी अस्पतालमा गराउनु पर्नेछ ।

तर सरकारी अस्पतालमा उपचार सम्भव नभएको अवस्थामा नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डको सिफारिसमा अन्य अस्पतालमा उपचार गर्न बाधा पर्ने छैन ।

५१. **<u>आवास कर्जाः</u>** नेपाल सरकारले निजामती कर्मचारीलाई जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो व्याजदरमा ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

तर यस्तो सुविधा निजामती कर्मचारीले सेवा अवधिभर एकपटक मात्र लिन सक्नेछ ।

५२. **<u>सवारी साधन सुविधा</u>**: राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिको निजामती कर्मचारीलाई तोकिए बमोजिम सवारी साधन सुविधा उपलब्ध गराइनेछ ।

५३. **<u>विशेष आर्थिक सुविधा</u>**: कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ट पाँचलाख रुपैयाँ रकम विशेष आर्थिक सुविधा प्रदान गरिने छ ।

५४. **<u>तलबको उल्लेख</u>**: (१) यस ऐनमा जहाँ जहाँ तलबको उल्लेख भएको छ, त्यसले सम्बन्धित निजामती कर्मचारीको तत्कालको तलब रकम (तलव वृद्धि समेत) लाई जनाउँछ ।

(२) दफा ६० र ६१ को प्रयोजनका लागि आखिरी तलबको हिसाब गर्दा सम्बन्धित निजामती कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थामा कायम रहेको तलबको हिसाब गरिने छ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै निजामती कर्मचारी असाधारण विदा वा निलम्बन रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिने छ ।

५५. **<u>तलब तथा सुविधा पुनरावलोकन तथा सिफारिस समिति</u>**: (१) निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन तथा सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) नेपाल सरकारको मुख्य सचिव - अध्यक्ष
(ख) सचिव, अर्थ मन्त्रालय - सदस्य
(ग) सचिव, मन्त्रालय - सदस्य
(घ) नेपाल राष्ट्र बैङ्कले तोकेको सो बैङ्कको डेपुटी गभर्नर - सदस्य
(ङ) नेपाल सरकारले तोकेको आर्थिक तथा प्रशासनिक क्षेत्रको विज्ञ - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिमा विषयसँग सम्बन्धित विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमको विज्ञ तोक्दा प्रत्येक वर्षका लागि तोकिनेछ।

(४) मन्त्रालयको सचिवले तोकेको सहसचिवले उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा काम गर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महङ्गी भत्ता निर्धारण गरी सिफारिस गर्नेछ र सोही आधारमा नेपाल सरकारले निजामती कर्मचारीलाई महङ्गी भत्ता उपलब्ध गराउने छ ।

(६) उपदफा (१) बमोजिमको समितिले प्रत्येक दुई वर्षमा आर्थिक वृद्धिदर, कूल दरबन्दी सङ्ख्या, नेपाल सरकारको आर्थिक स्रोत र क्षमता तथा विगतमा मूल्य सूचीको आधारमा प्रदान गरिएको महङ्गी भत्ता समेतलाई आधार बनाई तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गरी सिफारिस गर्ने छ ।

(७) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने छ ।

(८) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(९) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहने छ ।

परिच्छेद-७

## अवकाश, उपदान र निवृत्तिभरण

५६. **अनिवार्य अवकाश**: (१) निजामती कर्मचारीले साठी बर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०८० साल असार मसान्तसम्म नेपाल स्वास्थ्य सेवा बाहेक अन्य सेवाको निजामती कर्मचारीको अनिवार्य अवकाश हुने उमेरको हद अन्ठाउन्न वर्ष कायम रहनेछ।

(३) दफा २२ र ११४ को उपदफा (३) मा उल्लिखित कर्मचारीको हकमा सो बमोजिमको पदावधि वा उपदफा (१) वा (२) बमोजिमको उमेर मध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा अवकाश हुने छ ।

५७. **उमेर गणना**: (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर मध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिने छ ।

(२) कुनै निजामती कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्म मिति कायम गरिनेछः-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण (सिटरोल) को हकमा शुरु नियुक्ति भएको मितिको आधारमा ।

(३) निजामती कर्मचारीले पेश गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरूको बीचमा एक

वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्ममिति कायम गरी उमेर गणना गरिने छ ।

(४) उपदफा (३) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्ममितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्म मिति कायम गरी निजको उमेर गणना गरिनेछ ।

५८. **असमर्थ कर्मचारी सम्बन्धी विशेष व्यवस्था**: कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा नेपाल सरकारले निजलाई निजको सेवा अवधि बीस वर्ष ननाघ्ने गरी बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्ने छ ।तर बीस वर्षभन्दा बढी सेवा अवधि पूरा गरेका असमर्थ कमर्चारीलाई बढीमा ५ वर्ष सेवा अवधि थप गरी नेपाल सरकारले अवकाश दिन सक्ने छ ।

५९. **स्वेच्छिक अवकाश**: (१) निवृत्तिभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका निजामती कर्मचारीले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तिभरणका लागि जम्मा सेवा अवधि कायम गरिने छ ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा नेपाल सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै शर्त र सुविधा तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकाशका लागि निवेदन माग गर्न सकिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरण पाउने अवस्था भएको, उमेरको हद पचासवर्ष पुगेको र एउटै श्रेणी वा तहमा पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक श्रेणी वा तहमाथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिने छ ।

६०. **उपदान**: पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

६१. **निवृत्तिभरणः** (१) बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिमको मासिक निवृत्तिभरण आजीवन पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{\text{५०}}$$

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु स्केलभन्दा बढी हुने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा प्रवेशका लागि अधिकतम उमेर चालीस वर्ष तोकिएको वर्ग र पदमा नियुक्त भएका निजामती कर्मचारी दफा ५६ को उपदफा (२) बमोजिम उमेर हदको कारण अनिवार्य अवकाश हुँदा निजको सेवा अवधि निवृत्तिभरण पाउन सक्ने अवस्था रहेनछ भने त्यस्ता निजामती कर्मचारीलाई निवृत्तिभरण पाउन आवश्यक पर्ने अवधि थप गरी निवृत्तिभरण प्रदान गर्न सकिनेछ ।

तर यो ऐन प्रारम्भ हुनु अघि सेवा निवृत्त भई निवृत्तिभरण नपाएका कर्मचारीको हकमा यो व्यवस्था लागू हुने छैन ।

(४) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै निजामती कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्षसम्म अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।

(५) कुनै सरकारी पदमा अघि गरेको सेवा वापत निवृत्तिभरण पाइरहेको व्यक्ति पछि सङ्घीय निजामती सेवाको पदमा नियुक्ति भएमा निजले अवकाश भएको पदको निवृत्तिभरण पाउने छैन ।

तर त्यस्तो कर्मचारी सङ्घीय निजामती सेवाको पदबाट अवकाश भएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तिभरण लिन पाउने छ ।

(६) संवत् २०४९ साल कात्तिक २१ गते भन्दा अघिदेखि निजामती सेवामा बहाल भई उमेर हदका कारणबाट दफा ५६ को उपदफा (२) बमोजिम अनिवार्य अवकाश हुने निजामती कर्मचारीको सेवा अवधिमा निवृत्तिभरण प्रयोजनका लागि साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा दुई वर्ष अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिने छ ।

(७) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले बीस वर्ष सेवा अवधि नपुग्दै यस ऐन बमोजिम अनिवार्य अवकाश पाउने भएमा त्यस्तो निजामती कर्मचारीको कूल नोकरी अवधिकै आधारमा उपदफा (१) मा उल्लिखित शुत्र बमोजिम कायम हुने निवृत्तिभरण वा दफा ६० बमोजिम हुने उपदानमध्ये जुन लिन चाहन्छ सोही सुविधा दिइनेछ ।



www.prasashan.com

(८) यो ऐन प्रारम्भ हुँदाका बखत निजामती सेवामा बहाल रहेको वा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भई बहाल रहेको कर्मचारीले पहिले निजामती सेवामा गरेको सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि हालको सेवामा जोडाउन चाहेमा यो ऐन प्रारम्भ भएको छ महिनाभित्र सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखानामा निवेदन दिई जोडाउन सक्ने छ । त्यसरी पहिले गरेको सेवा वापत उपदान पाएको कर्मचारीले यसरी सेवा अवधि जोडाउन चाहेमा निजले लिएको उपदानको वार्षिक दश प्रतिशत व्याज सहितको रकम फिर्ता गर्नु पर्नेछ ।

(९) बहालवाला निजामती कर्मचारीको तलव बृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका सेवा निवृत्त निजामती कर्मचारीको निवृत्तिभरण रकम वा दफा ६२ बमोजिमको पारिवारिक निवृत्तिभरण रकममा पनि थप गरिनेछ ।

(१०) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदमा सेवा निवृत्त निजामती कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिने छ ।

(११) निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. **पारिवारिक निवृत्तिभरण र उपदान**: (१) कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधि निजको परिवारका सदस्य वा निजले इच्छाएको व्यक्तिलाई दफा ६० वा ६१ मा लेखिए बमोजिम उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तिभरण त्यस्तो मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाउने भएमा त्यस्तो निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्ष पछि, निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भए पछि र निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तिभरणको आधा रकम मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाउनेछ ।

तर त्यस्तो पति वा पत्नी मासिक पारिश्रमिक पाउने कुनै सरकारी लाभको पदमा रहेको भएमा सो अवधिभर वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तिभरण सुविधा पाउने छैन ।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो निजामती कर्मचारीको छोरा छोरीले एक्काइस वर्ष उमेर पूरा नभएसम्म उपदफा (१) वा (२) बमोजिमको निवृत्तिभरण रकम तोकिए बमोजिम दामासाहीले पाउनेछ ।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो निजामती कर्मचारीको आश्रित आमा बाबु दुबै वा तीमध्ये कुनै एक रहेछन् भने



www.prasashan.com

उपदफा (२) बमोजिमको अवधि पछि सो उपदफा बमोजिम कायम हुने रकमको दुई तिहाईमा नबढ्ने गरी निवृत्तिभरण वापत रकम दिइने छ ।

(५) कुनै निजामती कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्य वा यस ऐन बमोजिम निजको निवृत्तिभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

(६) निवृत्तिभरण वा उपदान दिँदा मृत निजामती कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाई, दिदी, बहिनी मध्ये कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभएमा क्रमशः त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोराछोरी, बाबु आमा, बाजे बज्यै, सासु ससुरालाई दिइनेछ ।

(७) पारिवारिक निवृत्तिभरण र उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

६३. **सुविधा दाबी गर्नुपर्ने**: (१) सेवा निवृत्त हुने निजामती कर्मचारी वा निजको परिवारका सदस्यले सम्बन्धित कार्यालय मार्फत नियमानुसार पाउने निवृत्तिभरण, उपदान लगायतका सुविधा लिनका लागि निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम परेको एक महिनाभित्र राष्ट्रिय किताबखानाले सुविधा निर्धारण गरी निवृत्तिभरण व्यवस्था कार्यालयमा पठाउनुपर्नेछ र निवृत्तिभरण व्यवस्थापन कार्यालयले यसरी प्राप्त भए पछि यथाशीघ्र निवृत्तिभरण उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्ने छ ।

६४. **बेपत्ता भएको कर्मचारीको निवृत्तिभरण र उपदान**: (१) सङ्घीय निजामती सेवामा रही काम गरेको कुनै कर्मचारी हराई बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ६० वा ६१ बमोजिम पाउने उपदान वा निवृत्तिभरणको रकम दफा ६२ बमोजिम निजको हकवालालाई दिइनेछ ।

(२) बेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ६० बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ६१ बमोजिम पाउने निवृत्तिभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिई सकेको पारिवारिक निवृत्तिभरण वा उपदान रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन ।

६५. **पारिवारिक निवृत्तिभरण सम्बन्धी विशेष व्यवस्था**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्दका कारण वा दुर्घटनामा परी कुनै निजामती कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्ष पुगेको भएमा सेवा अवधिको आधारमा र बीस वर्ष नपुगेको भएमा बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ६१ बमोजिमको निवृत्तिभरणको रकम आजीवन दिइनेछ ।

www.prasashan.com

(२) उपदफा (१) बमोजिमको निवृत्तिभरण प्राप्त गर्ने व्यक्तिले दफा ६२ बमोजिम पारिवारिक निवृत्तिभरण वा उपदान पाउने छैन ।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो निवृत्तिभरणको रकम मृतक कर्मचारीको छोरा छोरी भए त्यस्ता छोरा छोरीले एक्काइस वर्ष उमेर पुरा नभएसम्म तोकिए बमोजिम पाउने छन् ।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो निजामती कर्मचारीको आश्रित आमा बाबु दुवै वा ति मध्ये कुनै एक रहेछन् भने निजहरूको गुजाराको निमित्त उपदफा (१) बमोजिम हुने रकमको दुई तिहाईमा नबढ्ने गरी निवृत्तिभरण वापत रकम दिइनेछ ।

(५) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस दफा बमोजिम निवृत्तिभरण पाइरहेका व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तिभरण रकममा पनि वृद्धि हुनेछ ।

(६) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको सुविधा सम्पन्न अस्पतालमा उपचारको तत्काल व्यवस्था नेपाल सरकारले मिलाउनेछ र लाग्ने सम्पूर्ण खर्च समेत नेपाल सरकारले व्यहोर्ने छ ।

६६. **निवृत्तिभरण नपाउने**: (१) यस ऐन बमोजिम निवृत्तिभरण वा पारिवारिक निवृत्तिभरण पाइरहेको व्यक्तिले देहायको अवस्थामा त्यस्तो निवृत्तिभरण पाउने छैन :-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा,

(ख) प्रचलित कानून बमोजिम राज्य विरुद्धको कसूर मानिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा ।

(२) उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिम सजाय पाएको व्यक्तिले त्यस्तो फैसला उपर पुनरावेदन परी सफाई पाएमा बीचको निवृत्तिभरण नपाएको अवधिको निवृत्तिभरण समेत पाउनेछ ।

(३) निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाश भई निवृत्तिभरण प्राप्त गरेका व्यक्ति राज्यको कुनै लाभको पदमा नियुक्त भएमा सो अवधिभर निजले उक्त पदको मासिक तलब सुविधा वा निवृत्तिभरण मध्ये एकमात्र छनौट गरी लिनु पर्नेछ । यस विपरीत सुविधा लिएको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

www.prasashan.com

६७. **योगदानमा आधारित निवृत्तिभरण**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी सङ्घीय कानून बमोजिम योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागू हुने निजामती कर्मचारीले योगदानमा आधारित निवृत्तिभरण पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागू हुनुभन्दा अघिदेखि नै निजामती सेवामा बहाल रहेको वा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी खुला वा अन्तरतह प्रतियोगिताबाट छनोट भई वा बढुवा भई सङ्घीय निजामती सेवामा निरन्तर सेवामा रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

(३) यस दफा बमोजिम दिइने निवृत्तिभरण र सो सँग सम्बन्धित अन्य सुविधा योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको निवृत्तिभरण कोषबाट व्यहोरिनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमा आधारित निवृत्तिभरण पाउने निजामती कर्मचारीले दफा ५८, ५९, ६०, ६१, ६२, ६३, ६४ र ६५ बमोजिमका सुविधा पाउने छैन ।

(५) उपदफा (१) बमोजिम नियुक्त भई दफा ६५ को उपदफा (१) बमोजिम नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द वा दुर्घटनामा परी मृत्यु भएको निजामती कर्मचारीको परिवारलाई एकमुष्ट दश लाख रुपैयाँ थप आर्थिक सहायता उपलब्ध गराइने छ ।

## परिच्छेद-८
## तालिम, अध्ययन र छात्रवृत्ति

६८. **तालिम सम्बन्धी व्यवस्था**: (१) नेपाल सरकारले निजामती कर्मचारीको सीप र क्षमता वृद्धिका लागि सेवा प्रवेश तालिम अनिवार्य रूपमा र सेवाकालिन तालिम आवश्यकता अनुसार दिने व्यवस्था मिलाउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले आफ्नो मातहतमा कार्यरत कर्मचारीमध्ये कुन कर्मचारीलाई के कस्तो तालिम आवश्यक पर्ने भन्ने विषयमा प्रत्येक आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र तालिमको आवश्यकता पहिचान गर्नुको साथै त्यस्तो तालिम उपलब्ध गराउन आवश्यक पहल गर्नुपर्ने छ ।

(३) उपदफा (१) र (२) बमोजिम राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरह वा सो भन्दा मुनीका सबै कर्मचारीलाई प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक कामसँग सम्बन्धित तालिम दिने व्यवस्था मिलाउनुपर्ने छ ।

(४) कुनै निकायमा सरुवा वा पदस्थापन भएको निजामती कर्मचारीलाई निजले सम्पादन गर्नुपर्ने कामको सम्बन्धमा सम्बन्धित निकायले तोकिए बमोजिमको अभिमुखिकरण तालिम दिनु पर्नेछ।

(५) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६९. **तालिम, अध्ययन वा अध्ययन भ्रमण**: (१) सम्बन्धित मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउनका लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनका लागि,-

(१) "तालिम" भन्नाले अध्ययन बाहेक नेपाल सरकारले तोकेको वा स्वीकृति दिएको कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने आफ्नो कार्य क्षेत्र र विषयसँग सम्बन्धित सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ ।

(२) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर, विद्यावारिधि वा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ ।

(३) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालीम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि विषयगत आधारमा सङ्ख्या किटान गरी त्यसको विवरण मन्त्रालयले उपदफा (३) बमोजिमको समितिमा पेश गर्नुपर्ने छ।

(३) नेपाल सरकारको जुनसुकै निकायमा प्राप्त भएका तालिम, अध्ययन वा अध्ययन भ्रमणको बाँडफाँट गर्न देहाय बमोजिमको समिति रहनेछः -

(क) नेपाल सरकारको मुख्य सचिव – अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय – सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय —सदस्य

(घ) सचिव, राष्ट्रिय योजना आयोग —सदस्य

(ङ) सचिव, मन्त्रालय – सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका निजामती कर्मचारी, प्रदेशका निजामती कर्मचारी, स्थानीय सेवाका कर्मचारी एवं अन्य सङ्घीय सरकारी सेवाका कर्मचारीबीच समान र न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बाँडफाँड भएको सीटमा अध्ययन वा तालिमको लागी सङ्घ, प्रदेश वा स्थानीय तहको सम्बन्धित निकायले कर्मचारी मनोनयन गरी पठाउनुपर्नेछ र त्यसरी मनोनयन भएको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(७) नेपाल सरकारको कुनै निकायमा प्राप्त भएको सिटमा वा नेपाल सरकारको खर्चमा वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउँदा उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई पठाउन पाइने छैन । कसैले सो समितिको स्वीकृति नलिई कुनै निजामती कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

७०. **<u>तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधि</u>**: (१) नेपाल सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सो अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रूपले सेवा गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि निजामती कर्मचारीलाई पठाउँदा त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरे पछि उपदफा (१) बमोजिम अनिवार्य रूपमा गर्नुपर्ने सेवा अवधि पूरा नहुँदै अनिवार्य अवकाश हुने कर्मचारीलाई पठाउनु हुँदैन ।

७१. **<u>कबुलियत गर्नुपर्ने</u>**: (१) कुनै निजामती कर्मचारीले सरकारी मनोनयनमा तालीम, अध्ययन वा अध्ययन भ्रमणमा जानु अघि दफा ७० बमोजिमको सेवा गर्ने गरी तोकिए बमोजिम कबुलियत गर्नु पर्नेछ ।

(२) तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको निजामती कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि मनोनयन गरिने छैन ।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट तालीम, अध्ययन वा अध्ययन भ्रमणमा जाँदा कबुलियत गरेको अवधिको आखिरी तलब तथा भत्ता रकमको दोब्बर रकम असुल उपर गरिने छ ।

(४) अख्तियारवालाको पूर्व स्वीकृति लिई निजी प्रयासमा बेतलवी अध्ययन विदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन विदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नुपर्ने छ ।

(५) यस ऐन बमोजिम अध्ययनमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक वर्ष वा सेमेष्टरको नतिजा त्यस्तो नतिजा प्रकाशन भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय, राष्ट्रिय किताबखाना र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१) र (४) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालीम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(७) उपदफा (२) बमोजिम रकम असुल उपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नुपर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालीम, अध्ययन वा अध्ययन भ्रमणमा गएको कर्मचारीको मृत्यु भएको कारणले दफा ७० बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुल उपर गरिने छैन ।

(९) तालीम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो तालीम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ ।

## परिच्छेद-९

## आचरण

७२. **समयपालना र नियमितता**: निजामती कर्मचारीले नेपाल सरकारबाट निर्धारित समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नुपर्नेछ र सकेसम्म पहिले विदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन ।

७३. **अनुशासन र आदेशपालना**: निजामती कर्मचारीले देहाय अनुसारको अनुशासन र आदेशपालना गर्नुपर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नुपर्ने,

(ग) अन्य कर्मचारी प्रति उचित आदर र सम्मानजनक व्यवहार गर्नुपर्ने,

(घ) उच्छृङ्खल र अराजक गतिविधि गर्न नहुने,

(ङ) कार्यालयमा तोकिए बमोजिमको पोशाक लगाउनुपर्ने, र

(च) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरू गर्न गराउन नहुने ।

७४. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**: कुनै निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

७५. **राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने**: निजामती कर्मचारीले राजनीतिक दल वा सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिन हुँदैन ।

७६. **सरकारको आलोचना गर्न नहुने**: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै

निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

७७. **<u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्धः</u>** (१) कुनै निजामती कर्मचारीले अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरु अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन। यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू रहने छ ।

(२) उपदफा (१) विपरीत सरकारी सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिने छ ।

७८. **<u>दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्धः</u>** (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले नेपाल सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन ।

(२) निजामती कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नुपर्ने छ।

तर कुनै द्विपक्षीय वा बहुपक्षीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य कुनै सरकारी निकायबाट कुनै कार्यक्रमको अन्त्यमा औपचारिक रूपमा प्रदान गरिने मायाको चिनो स्वीकार गर्न बाधा पर्ने छैन ।

७९. **<u>कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुनेः</u>** निजामती कर्मचारीले नेपाल सरकारको स्वीकृति बिना कुनै बैंक, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन ।

८०. **<u>अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुनेः</u>** (१) निजामती कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीले नेपाल सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुद सम्बन्धी कार्य गर्न सक्ने छ ।



www.prasashan.com

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैन: -

(क) प्रचलित कानून बमोजिम अध्ययन विदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुर्‍याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई नेपाल सरकारको नीति विपरित नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) अख्तियारवालाको पूर्वस्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) राष्ट्रिय वा अन्तराष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघसंस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघसंस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहका लागि उपयोगी हुने देखी अख्तियारवालाले विदा वा काज स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(च) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र नेपाल सरकारको अहित नहुने गरी आफ्नो गैरराजनीतिक पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन,

<u>**स्पष्टीकरण**</u>: यस खण्डको प्रयोजनका लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परा देखि समुदायमा आधारित भई समाजमा क्रियाशिल रहेका सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, सङ्गीत, विज्ञान, धर्म वा अन्य यस्तै कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ ।

(छ) कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको कर्मचारीले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन ।

www.prasashan.com

(५) सङ्घीय निजामती सेवाको विशिष्ट वा प्रथम श्रेणी वा सो सरहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन: -

(क) संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) नेपालस्थित कुटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकायबाट सञ्चालित आयोजनाहरूमा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न ।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले यो ऐन बमोजिमको सेवा सुविधा लिन पाउने छैन ।

८१. **निर्वाचनमा भाग लिन नहुने**: निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन, प्रचार-प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैका लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

८२. **प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध**: (१) निजामती कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुर्‍याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

(२) यस दफा विपरित कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुर्‍याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुर्‍याएमा त्यस्तो निजामती कर्मचारीलाई विभागीय कारबाही गरी क्षतिपूर्ति समेत भराइने छ ।

८३. **प्रतिनिधित्व गर्न नहुने**: निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।

८४. **यौनजन्य दुर्व्यवहार गर्न नहुने**: कुनै निजामती कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

८५. **यातना दिन नहुने**: निजामती कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन ।

८६. **सेवाग्राहिप्रतिको व्यवहार**: (१) निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने छ ।

(२) सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र काम सम्पादन गर्न लाग्ने समयसमेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनुपर्ने छ ।

८७. **सम्पत्ति विवरण पेश गर्नुपर्ने**: (१) निजामती कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो सम्पत्तिको विवरण पेश गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम पेश भएको सम्पत्ति विवरण मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुने गरी विद्युतीय माध्यमबाट सुरक्षित एवं गोप्य किसिमले अभिलेख रहने व्यवस्था गर्न सकिने छ ।

८८. **स्थायी आवासीय अनुमति लिन नहुने**: (१) कुनै पनि निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोका लागि आवेदन दिन हुँदैन ।

(२) कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले साठी दिनभित्र सम्बन्धित निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेश गर्नुपर्ने छ ।

८९. **सामाजिक जवाफदेहिता बहन गर्नुपर्ने**: (१) संविधान र कानुनको पालना गरी सामाजिक जवाफदेहिता बहन गर्नु निजामती कर्मचारीको कर्तव्य हुने छ ।

(२) कानून प्रतिकूल कार्य भएको थाहा पाउने कर्मचारीले सम्बन्धित निकाय र अधिकारीलाई जानकारी गराउनु निजको कर्तव्य हुने छ ।

९०. **आचरण पालना गराउने**: (१) विभागीय प्रमुख र कार्यालय प्रमुखले आफू र आफ्ना मातहतका कर्मचारीलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको आचरणको पालना गर्नु गराउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नुपर्ने कर्मचारीले त्यस्तो आचरण उल्लंघन गरेमा अख्तियारवालाले समयमै विभागीय कारबाही गर्नुपर्ने छ ।

(३) विभागीय प्रमुख र कार्यालय प्रमुखले वा उपदफा (१) र (२) बमोजिम कार्य गरे वा नगरेको भन्ने विषयलाई समेत निजको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाईने छ ।

## परिच्छेद -१०

## सेवाको सुरक्षा

९१. **निजामती कर्मचारीको सेवाको सुरक्षा**: देहायका अवस्थामा बाहेक कुनै पनि निजामती कर्मचारीलाई सफाईको मनासिब मौका नदिई सङ्घीय निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन:-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भई त्यस्तो फैसला अन्तिम भएको,

(ख) भागी, हराई वा वेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको, वा

(ग) नेपाल सरकार वादी हुने फौजदारी कसूरमा एक वर्ष भन्दा बढी कैद सजाय हुने गरी अदालतबाट कसूरदार ठहर भई त्यस्तो फैसला अन्तिम भएको ।

९२. **निजामती कर्मचारीको बचाउ**: (१) निजामती कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालना सम्झी गरेको कामको सम्बन्धमा अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्दा चलाउन सकिने छैन ।

(२) कुनै निजामती कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि नेपाल सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाउन नेपाल सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा नेपाल सरकारले गर्ने छ ।

९३. **निजामती कर्मचारीको सेवा शर्तको सुरक्षा**: (१) कुनै निजामती कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्नेगरी परिवर्तन गरिने छैन।

(२) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको निवृत्तिभरण, उपदान र उपचार खर्च वापतको रकम नेपाल सरकारले व्यहोर्ने छ ।

## परिच्छेद-११

## विभागीय सजाय र पुनरावेदन

९४. **विभागीय सजाय**: उचित र पर्याप्त कारण भएमा निजामती कर्मचारीलाई सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछ :-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने ।

(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

९५. **नसिहत दिने**: देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई नसिहत दिने सजाय गर्न सकिनेछः-

(क) उत्तरदायित्व पन्छाएमा, जिम्मेवारी बहन नगरेमा वा कामकारबाहीमा अनुचित ढिलाई गरेमा,



www.prasashan.com

(ख) पूर्वस्वीकृति नलिई एक महिनामा दुई पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानून बमोजिम रमाना नबुझेमा वा बरबुझारथ नगरेमा,

(घ) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा वा कार्यालय समयमा कार्यालयमा मादक पदार्थ सेवन गरेमा,

(ङ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि गाली गलौज वा दुर्व्यवहार गरेमा,

(च) दफा १२२ बमोजिम चेतावनी पाएको कर्मचारीले सोही पदमा रहँदा पुन: सोही दफा बमोजिमको कुनै काम गरेमा,

(छ) दफा ९७ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा जरिबानाको सजाय भई त्यस्तो फैसला अन्तिम भएमा,

(ज) अख्तियार प्राप्त अधिकारीको स्वीकृति बिना अध्ययन वा तालीमका लागि वैदेशिक भ्रमण गरेमा,

(झ) कार्यसम्पादन गर्ने सन्दर्भमा आफुभन्दा माथिल्लो तहमा पेश गर्ने फाईल, जानकारी वा सूचना निर्धारित समयसिमा भित्र पेश नगरेमा वा ढिलासुस्ती गरेमा वा नियतवश गलत सूचना पेश गरेमा।

९६. **<u>बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने</u>**: (१) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ:-

(क) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजूरी पटकपटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) दफा ९५, ९७ र १२२ मा उल्लिखित आचरण बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूमा उल्लिखित अन्य आचरण सम्बन्धी कुराहरू पालना नगरेमा,

(ङ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,



www.prasashan.com

(च) सेवा प्रवाहमा ढिलासुस्ती गरेमा वा सेवाग्राहीलाई हानी नोक्सानी हुने अवस्था सिर्जना गरेमा,

(छ) सरकारी कार्यालयको सम्पत्तिको दुरूपयोग गरेमा,

(ज) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि हातपात गरेमा,

(झ) बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(ञ) दफा ८ बमोजिमको जिम्मेवारी र दायित्व पालना नगरेमा,

(ट) काबु बाहिरको परिस्थितिमा बाहेक बदनियत चिताई वा लापरबाही वा हेलचेत्र्याइँ गरी दफा ७ को उपदफा (१) बमोजिमको कार्यविवरण वा सो दफाको उपदफा (३) बमोजिमको कार्यसम्पादन सम्झौता बमोजिमको कार्य सम्पादन नगरेमा,

(ठ) यस ऐन बमोजिम विभागीय सजाय गर्नुपर्ने कर्मचारीलाई त्यस्तो सजाय नगरी उन्मुक्ति दिएमा,

(ड) हालको पदमा दफा ९५ बमोजिम एक पटक नसिहत पाएकोमा पून: सोही दफा बमोजिम सजाय हुने काम गरेमा,

(ढ) दफा ९७ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा एक वर्ष वा सोभन्दा कम कैद हुने ठहरी त्यस्तो फैसला अन्तिम भएमा ।

(२) निजामती कर्मचारीले उपदफा (१) को खण्ड (ढ) बमोजिम कैदको सजाय पाएको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

९७. <u>**सेवाबाट हटाउने वा बर्खास्त गर्ने**</u>: (१) देहायको कसुर प्रमाणित भएमा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ:-

(क) आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा वा त्यस्तो काम वा जिम्मेवारीको पटक पटक बेवास्ता गरेमा,

(ख) राजनीतिक दल वा सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा वा व्यक्तिगत स्वार्थका लागि राजनीतिक प्रभाव प्रयोग गरेमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा,

(ग) विदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(घ) विदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(ङ) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्ष भन्दा बढी कैदको सजाय ठहर भई त्यस्तो फैसला अन्तिम भएमा,

(च) सेवा अवधिभरमा दफा ९६ बमोजिम दुई पटक सजाय पाएकोमा सोही दफा बमोजिम सजाय हुने काम गरेमा ।

(२) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ: -

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) सरकारी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

९८. **<u>हाजिरी र गयलकट्टी सम्बन्धी व्यवस्था</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलबकट्टी गर्न सक्ने छ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९७ को उपदफा (१) को खण्ड (ग) वा (घ) विपरीत विदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने निजामती कर्मचारीलाई हाजिर गराइने छैन र सो अवधिपछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको विदा समेत स्वीकृत गरिनेछैन ।

(३) कसैले उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई हाजिर गराएमा वा दफा ९७ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त निवेदन बमोजिम विदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा विदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा विदा स्वीकृत गर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

www.prasasan.com

(४) दफा ९७ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम सजायको निर्णय गर्दा सो बमोजिमको अवधि पूरा भएको भोलिपल्टदेखि लागू हुने गरी निर्णय गर्नुपर्ने छ। यसरी अनुपस्थित रहेको अवधि गयलकट्टी गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकाय र राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिमको कारबाही त्यस्तो जानकारी पाएको पन्ध्र दिनभित्र सुरु गरी बढीमा छ महिनाभित्र टुङ्ग्याई सक्नु पर्नेछ ।

९९. **विभागीय सजाय दिने अधिकारी**: (१) निजामती कर्मचारीलाई दफा ९४ को खण्ड (ख) बमोजिमको सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पद र सोभन्दा माथिको पदमा कार्यरत निजामती कर्मचारीलाई नेपाल सरकार,

(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई निज कार्यरत निकायको विशिष्ट श्रेणी वा सो सरहको अधिकारी,

(ग) राजपत्र अनङ्कित वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको राजपत्राङ्कित वा सो सरहको कार्यालय प्रमुख ।

(२) दफा ९४ को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ।

१००. **निलम्बन गर्ने**: (१) कुनै निजामती कर्मचारीको सम्बन्धमा दफा ९७ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचवुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्ने छ ।

तर देहायको अवस्था नभई साधारणतयाः निलम्बन गरिने छैनः-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा झुठ्टा सबुत प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा नेपाल सरकारवादी भई मुद्दा दायर भएमा ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतयाः साठी दिनभन्दा बढी गरिने छैन । सो अवधिभित्रै कर्मचारी उपरको कारबाही किनारा



www.prasashan.com

लगाउनुपर्ने छ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।

(३) कुनै फौजदारी अभियोगमा न्यायिक हिरासतमा रहेको निजामती कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

(४) कुनै निजामती कर्मचारी भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो कर्मचारी स्वतः निलम्बन भएको मानिनेछ ।

१०१. **निलम्बनको समाप्ति**: कुनै निजामती कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा, दफा १०० को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ ।

१०२. **सफाई पेश गर्ने मौका दिनुपर्ने**: (१) विभागीय सजायको आदेश दिने अधिकारीले कुनै निजामती कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

तर नेपाल सरकारले सजायको आदेश दिनुपर्नेमा त्यसरी सफाईको मौका दिने प्रयोजनका लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाईको मौका दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित निजामती कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ र यसरी पेश हुन आएको सफाईलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक लिनुपर्ने छ ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ ।

१०३. **विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने**: विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा १०२ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सम्बन्धित निजामती कर्मचारीले सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्ने छ ।

१०४. **लोक सेवा आयोगको परामर्श लिनुपर्ने**: (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित निजामती कर्मचारीले दफा १०२ बमोजिम दिएको सफाई वा दफा १०३ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाई वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी लोक सेवा आयोगको परामर्श लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा लोक सेवा आयोगले तीस दिनभित्र आवश्यक परामर्श उपलब्ध गराउनेछ ।

१०५. **सजाय सम्बन्धी निर्णय गर्ने**: (१) दफा १०४ बमोजिम लोक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुद प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिन भित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारी र तोकिएको निकायलाई दिनु पर्नेछ ।

१०६. **जानकारी दिने सकिने**: (१) दफा ८८ विपरित कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित निजामती कर्मचारी कार्यरत कार्यालय वा मन्त्रालयमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजायको आदेश दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजायको आदेश दिने अधिकारीले सेवा सञ्चालन गर्ने मन्त्रालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम छानबिन र कारबाही गर्दा कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको देखिएमा सजायको आदेश दिने अधिकारीले निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मन्त्रालय र सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकायलाई दिनु पर्नेछ ।

www.prasashan.com

१०७. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर सङ्घीय कानून बमोजिम गठित प्रशासकीय अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

१०८. **निर्णयमा असर नपर्नेः** कुनै निजामती कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम कर्मचारीले गरेको काम कारबाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन ।

१०९. **सजायको अभिलेखः** (१) कुनै निजामती कर्मचारी उपर विभागीय सजाय गरिएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक विभाग वा केन्द्रीय निकाय, सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय र राष्ट्रिय किताबखानामा समेत पठाउनु पर्नेछ ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सेवा सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका प्रत्येक निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ ।

११०. **नकारात्मक सूचीमा राखिनेः** (१) देहायका निजामती कर्मचारीलाई देहाय बमोजिमको अवधिका लागि नकारात्मक सूचीमा राखिनेछः-

(क) नसिहत पाएको भए एक वर्ष,

(ख) बढुवा रोक्का वा तलव वृद्धि रोक्का भएको भए रोक्का भएको अवधि भर,

(ग) कुनै कर्मचारीको नाममा लेखापरीक्षणबाट व्यक्तिगत पेश्की वा बेरुजु रहेको पाइएमा सो को फरफारक नगरेसम्म ।

(२) उपदफा (१) बमोजिम नकारात्मक सूचीमा रहेका कर्मचारीलाई त्यसरी नकारात्मक सूचीमा रहेको अवधिभर बढुवा, अध्ययन, तालिम लगायतका सुविधा दिईने छैन ।

## परिच्छेद -१२

## नेपाल स्वास्थ्य सेवा सम्बन्धी थप व्यवस्था

१११. **नेपाल स्वास्थ्य सेवामा करार सेवामा कामकाज गराउने सम्बन्धी व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देहायको अवस्थामा नेपाल स्वास्थ्य सेवाको क्लिनिकल सेवा (चिकित्सक, नर्सिङ्ग सेवा वा प्याथोलोजी ल्याब आदि) तर्फको रिक्त पदमा करारद्वारा पदपूर्ति गर्न सक्नेछः-

(क) लोक सेवा आयोगमा पदपूर्तिका लागि माग भएको तर पदपूर्ति भई नसकेको अवधिभर,

(ख) अध्ययन र असाधारण विदा स्वीकृत भएको अवधिभर ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा लोक सेवा आयोगको बैकल्पिक वा अस्थायी सूचीमा रहेका व्यक्तिहरूलाई करारमा नियुक्ति गरिनेछ ।

(३) उपदफा (२) बमोजिम पूर्ति हुन नसकेमा नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वीकृत गरेको कार्यविधि बमोजिम सेवा करारद्वारा पूर्ति गरिनेछ ।

www.prasashan.com

(४) उपदफा (१) बमोजिमको अवधि सकिए पछि करार अवधि स्वतः समाप्त भएको मानिनेछ ।

तर लोक सेवा आयोगबाट स्थायी पदपूर्तिका लागि सिफारिस भई नआएसम्म यस दफा बमोजिम करार सेवाको म्याद थप गर्न सकिने छ ।

(५) यस दफा विपरीत कसैले अस्थायी वा करार सेवामा नियुक्ति गरे गराएमा त्यस्तो नियुक्ति भएको कर्मचारीले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिने छ ।

११२. <u>**नेपाल स्वास्थ्य सेवाका लागि बढुवा समिति सम्बन्धी व्यवस्थाः**</u> (१) नेपाल स्वास्थ्य सेवाको अधिकृत तहको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य | - अध्यक्ष |
| (ख) | लोकसेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य | - सदस्य |
| (ग) | नेपाल सरकारको मुख्य सचिव | - सदस्य |
| (घ) | सचिव, मन्त्रालय | - सदस्य |
| (ङ) | नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिव | - सदस्य-सचिव |

(२) नेपाल स्वास्थ्य सेवाको सहायक तहको पदमा बढुवा सिफारिस गर्न तोकिए बमोजिमको बढुवा समिति रहनेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको बढुवा समितिले सम्बन्धित विषयको विशेषज्ञलाई बढुवा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको **बढुवा समितिले बढुवा आवेदन फाराम बुझाउने अन्तिम मितिले नब्बे दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ।**

(५) यस दफा बमोजिमको बढुवा समितिले कर्मचारीहरूको बढुवाको सिफारिस गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको तीन वर्ष पछि नेपाल स्वास्थ्य सेवाको पदमा बढुवा गर्दा समेत दफा २७ बमोजिमको बढुवा समितिको सिफारिसमा गरिनेछ ।

११३. <u>**नेपाल स्वास्थ्य सेवाको बढुवाका लागि न्यूनतम योग्यता र सेवा अवधि सम्बन्धी विशेष व्यवस्थाः**</u> (१) नेपाल स्वास्थ्य सेवाको कर्मचारीले बढुवाका लागि उम्मेदवार हुन बढुवा हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको र बढुवा हुने तहभन्दा एक तह मुनिको पदमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बढुवाका लागि उम्मेदवार हुन कम्तीमा दुई वर्ष "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रमा रुजु हाजिर भई काम काम गरेको हुनु पर्नेछ ।

www.prasashan.com

तर "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रमा पद नभएको अवस्थामा त्यस्तो क्षेत्रमा काम गरेको अवधि पूरा नभएकै कारणले कुनै कर्मचारीलाई बढुवा हुनबाट बञ्चित गरिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र एउटै तहमा दश वर्ष वा सोभन्दा बढी सेवा गरेको निजामती कर्मचारीले दुर्गम क्षेत्रमा काम नगरेकै कारण त्यस्तो कर्मचारी बढुवा हुनबाट वञ्चित हुने छैन ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३० बमोजिमको अवधिभर बढुवाको सम्भाव्य उम्मेदवार हुन पाइने छैन ।

११४. **नेपाल स्वास्थ्य सेवामा सेवा अवधि गणना**: (१) संवत् २०५४ साल जेठ १४ गतेभन्दा अघि निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल स्वास्थ्य सेवाको समान स्तरको पदमा रही गरेको सेवा अवधि यस दफा बमोजिम बढुवा प्रयोजनका लागि गणना गरिनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुअघि छैठौं र सातौं तहमा शुरु नियुक्ति भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीको सो तहमा गरेको सेवा अवधि एक तह माथिको तहमा स्तरवृद्धि वा बढुवा प्रयोजनका लागि गणना गरिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाको बखत अधिकृत बाह्रौं तहको पदमा बहाल रही दफा ६ को उपदफा (२) बमोजिम अधिकृत तेह्रौं तहमा कायम भएका कर्मचारीले बाह्रौं तहमा गरेको सेवा अवधि समेत तेह्रौ तहको सेवा अवधिमा गणना हुनेछ र यस्ता कर्मचारीको पदावधि बाह्रौं र तेह्रौं तहको अवधि जोडी बढिमा पाँच वर्ष हुनेछ।

११५. **विशेषज्ञता हासिल गरेका कर्मचारीलाई पदस्थापन गर्ने सम्बन्धी विशेष व्यवस्था**: कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम स्थानीय तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका चिकित्सक कर्मचारीले कुनै विषयमा विशेषज्ञता सहित स्नातकोत्तर तह वा सो भन्दा माथीको योग्यता हासिल गरेमा र स्थानीय तहमा त्यस्तो विशेषज्ञता बमोजिमको सेवा प्रदान गर्न सकिने अवस्था नरहेमा स्थानीय तहबाट प्रदान गरिने स्वास्थ्य सम्बन्धी सेवामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिई त्यस्तो कर्मचारीलाई सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवाको पदमा पदस्थापन गर्न सक्नेछ।

## परिच्छेद-१३

## प्रशासनिक अन्तरसम्बन्ध

११६. **सङ्घ, प्रदेश र स्थानीय तह बीचको प्रशासनिक अन्तरसम्बन्ध**: (१) सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी सेवाहरूले यो ऐनलाई मार्गदर्शकको रूपमा लिनु पर्नेछ ।

(२) सम्बन्धित प्रदेशले प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा तथा स्थानीय सेवा सम्बन्धी कानून बनाउनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेशले स्थानीय सेवा सम्बन्धी कानून बनाउँदा सम्बन्धित प्रदेशमा रहेका स्थानीय तहमा रहने स्थानीय सेवाका लागि लागू हुने गरी प्रदेशस्तरीय स्थानीय सेवा सम्बन्धी कानून बनाउनेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय सेवामा बहाल रहेका कर्मचारीहरु प्रदेशस्तरीय स्थानीय सेवाको पदमा परिणत भएको मानिनेछ।

(५) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र प्रदेशस्तरीय स्थानीय सेवा सम्बन्धी कानून निर्माण गर्दा छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण, विभागीय सजायका विषयमा यस ऐनका आधारभूत सिद्धान्त, मान्यता तथा व्यवस्थालाई आधारको रूपमा लिनु पर्नेछ ।

(६) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको गठन तथा सञ्चालन गर्दा अन्य विषयका अतिरिक्त दफा ४ बमोजिमका आधारभुत सिद्धान्तलाई समेत अवलम्बन गर्नु पर्नेछ ।

(७) प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको अधिकृत सातौं तहको रिक्त पद मध्ये कम्तीमा सत्तरी प्रतिशत पद खुला प्रतियोगिताको आधारमा पूर्ति गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम खुला प्रतियोगताको आधारमा पूर्ति हुने पदमा नियुक्ति गर्दा लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गर्नु पर्नेछ। यस दफा बमोजिम पदपूर्तिको लागि परीक्षा सञ्चालन गर्दा लोकसेवा आयोगले सङ्घीय निजामती सेवाको समान तहको पदको लागि लिइने परिक्षासँग संयुक्त रुपमा सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम नियुक्ति भएका कुनै कर्मचारीलाई नेपाल सरकारले सम्बन्धित प्रदेश सरकारसँग समन्वय गरी सेवा अवधि भरमा एकै पटक वा पटक पटक गरी बढीमा पाँच वर्षसम्म सङ्घीय कार्यालयमा खटाउन सक्नेछ।

(१०) प्रदेश निजामती सेवा र प्रदेशस्तरीय स्थानीय सेवा सम्बन्धी कानून निर्माण गर्दा देहायका विषय समेत समावेश गर्नु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र प्रदेशस्तरीय स्थानीय सेवाको पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था तथा प्रदेश लोक सेवा आयोगले उपयुक्तताको परीक्षण गरी दिएको सहमतिमा मात्र कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन गर्न सकिने व्यवस्था,

(ख) प्रदेश निजामती सेवा र प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था,

(ग) प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीलाई निश्चित आधार र मापदण्ड निर्धारण गरी सोही प्रदेशभित्रको अन्य स्थानीय तहको समान तहको पदमा सरुवा गर्न सकिने व्यवस्था,

(घ) सङ्घीय निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको पदमा, प्रदेश निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेशस्तरीय स्थानीय सेवाको पदमा वा प्रदेशस्तरीय स्थानीय सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन उमेरको हद नलाग्ने व्यवस्था,

(ङ) सङ्घीय निजामती सेवाबाट प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवामा, प्रदेश निजामती सेवाबाट प्रदेशस्तरीय स्थानीय सेवामा वा प्रदेशस्तरीय स्थानीय सेवाबाट प्रदेश निजामती सेवामा नियुक्ति हुने स्थायी कर्मचारीको पहिलेको स्थायी सेवा अवधि गणना गर्ने व्यवस्था,

(च) सङ्घीय निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवा र प्रदेशस्तरीय स्थानीय सेवाको पदमा, प्रदेश निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई सङ्घीय निजामती सेवा र प्रदेशस्तरीय स्थानीय सेवाको पदमा तथा प्रदेशस्तरीय स्थानीय सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई सङ्घीय निजामती सेवा र प्रदेश निजामती सेवाको पदमा अन्तर तह प्रतियोगिताको माध्यमबाट तह परिवर्तनको अवसर प्रदान गर्ने व्यवस्था,

(छ) सम्बन्धित प्रदेश भित्रका स्थानीय तहमा रिक्त रहेको पदमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएमा सो प्रदेश भित्रका सबै स्थानीय तहमा बहाल रहेका प्रदेशस्तरीय स्थानीय सेवाका न्यूनतम योग्यता हासिल भएका एक तह मुनिका सम्बन्धित सेवा, समूहका स्थायी कर्मचारी बढुवाको उम्मेदवार हुन सक्ने व्यवस्था,

(ज) अन्य सङ्घीय कानूनमा उल्लिखित व्यवस्था।

(११) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको कानून बमोजिम तलब, उपदान, निवृत्तिभरण, उपचार खर्च र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्ने गरी कानून बनाउन पाइने छैन ।

(१२) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून बनाउँदा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(१३) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा समायोजन भएको कर्मचारी सरुवा, बढुवा वा अवकाश नभएसम्म त्यस्तो पद फाजिलमा पर्ने गरी सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्न पाइने छैन ।

www.prasashan.com

(१४) नेपाल सरकारले प्रदेश वा स्थानीय तह अन्तर्गतका निकायमा सङ्घीय निजामती सेवाको दरबन्दी रहने गरी व्यवस्था गरेको पदमा अन्यथा हुने गरी त्यस्तो पदको दरबन्दी हेरफेर गर्न पाइने छैन ।

(१५) प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो मातहतका स्वास्थ्य संस्थामा दफा १५ बमोजिम हुने गरी कार्यविधि बनाई करारमा नियुक्ति गर्न सक्नेछ ।

(१६) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा तथा प्रदेशस्तरीय स्थानीय सेवामा कार्यरत कर्मचारीको योगदानमा आधारित निवृत्तिभरणको व्यवस्थापनका लागि प्रदेश कानून बमोजिम प्रदेश सरकारले योगदानमा आधारित निवृत्तिभरण कोषको व्यवस्था गर्नु पर्नेछ ।

तर प्रदेश कानून नबनेसम्मका लागि योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी प्रचलित कानून बमोजिम प्रदेश सरकारले योगदानमा आधारित निवृत्तिभरण कोषको व्यवस्था गरी त्यस्ता कर्मचारीको हकमा योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था गर्नुपर्ने छ ।

(१७) उपदफा (१६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(१८) स्थानीय तहमा अधिकृत तहको पदमा कम्तीमा तीन वर्ष र सहायक तहको पदमा कम्तीमा पाँच वर्ष बहाल रहेका प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीलाई सम्बन्धित स्थानीय तहहरूको सहमतिमा प्रदेशको प्रमुख सचिवले सम्बन्धित प्रदेश भित्रको अन्य स्थानीय तहमा सरुवा गर्न सक्नेछ।

(१९) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति भई प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवामा बहाल रहेका कर्मचारी सङ्घीय निजामती सेवामा स्थायी नियुक्ति भई रमाना लिई आएमा निजको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको सेवा अवधि समेत हालको सेवामा गणना गरिनेछ ।

(२०) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा स्थानीय सेवाको कानून नबनेसम्म प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको पदमा हुने पदपूर्तिका लागि पदसङ्ख्या निर्धारण, सरुवा, काज, बढुवा, अवकाश, विदा, आचरण, विभागीय सजाय तथा सेवा सुविधा सम्बन्धमा यस ऐनको व्यवस्था आवश्यक हेरफेर सहित (मुटाटिस मुटान्डिस) लागू हुनेछ ।

तर सेवा सुविधाको हकमा त्यस्तो सेवा सुविधा सम्बन्धित प्रदेश वा स्थानीय तहको स्रोतबाट व्यहोर्नु पर्नेछ ।

११७. **<u>प्रदेश सरकारको प्रमुख सचिव सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारको प्रमुख सचिवको पद सङ्घीय निजामती सेवाको पद हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पदमा नेपाल सरकारले यस ऐन बमोजिम सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत चौधौं तहका निजामती कर्मचारी मध्येबाट खटाउनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकारको प्रमुख सचिव पदमा खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ ।

११८. **प्रदेश सरकारको सचिव वा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्थाः** (१) प्रदेश मन्त्रालयको सचिवको पद प्रदेश निजामती सेवाको पद हुनेछ र प्रदेश सचिवको रुपमा राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत तेहौं तह वा सो सरहको पद रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयको प्रदेश सचिवको पदमा प्रचलित कानून बमोजिम प्रदेश निजामती सेवाको सम्बन्धित तहको कर्मचारीबाट पूर्ति नभएसम्म सो पदमा खटाउने प्रयोजनका लागि नेपाल सरकारले सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी तेहौं तहको कर्मचारीलाई प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउने छ ।

(३) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेशस्तरीय स्थानीय सेवाको पद हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउने प्रयोजनका लागि प्रचलित कानून बमोजिम सम्बन्धित तहको कर्मचारीबाट पूर्ति नभएसम्मका लागि नेपाल सरकारले सङ्घीय निजामती सेवाको कर्मचारीलाई प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउनेछ।

(५) उपदफा (४) बमोजिम स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पदमा कर्मचारी खटाउँदा नेपाल सरकारले सम्बन्धित श्रेणी वा तहको अधिकृतस्तरको कर्मचारी खटाउनु पर्नेछ। यसरी नेपाल सरकारले नखटाएको अवस्थामा सम्बन्धित स्थानीय तहको अनुरोधमा सम्बन्धित प्रदेश सरकारले प्रदेश निजामती सेवाको सम्बन्धित तहको कर्मचारी खटाउन सक्नेछ।

तर यसरी खटाउँदा सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारी भन्दा कनिष्ठ कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृतको रूपमा खटाइने छैन।

(६) उपदफा (२), (४) वा (५) बमोजिम खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश वा स्थानीय तहप्रति उत्तरदायी हुने छ ।

(७) उपदफा (२) बमोजिम प्रदेश सरकारको सचिव पदमा खटाइएको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित प्रदेशको प्रमुख सचिवले सुपरिवेक्षक र पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ ।

(८) उपदफा (७) बमोजिमको कार्यसम्पादन मूल्याङ्कनका लागि देहाय बमोजिमको पुनरावलोकन समिति रहनेछः-

(क) नेपाल सरकारको मुख्य सचिव -संयोजक



www.prasashan.com

(ख) सेवा समूह सञ्चालन गर्ने सङ्घीय मन्त्रालयको सचिव -सदस्य

(ग) सम्बन्धित प्रदेशको प्रमुख सचिव -सदस्य

(९) उपदफा (७) बमोजिम प्रदेश सरकारको सचिवको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित प्रदेश सरकारले गरेको कार्यसम्पादन टिप्पणी समेतको आधारमा गर्नु पर्नेछ ।

(१०) उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाइएको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले सुपरिवेक्षकको रूपमा र प्रमुख सचिवले पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ ।

तर राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख प्रशासकीय अधिकृतको हकमा प्रमुख सचिवले सुपरिवेक्षक र पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको कार्यसम्पादन मूल्याङ्कनका लागि देहाय बमोजिमको पुनरावलोकन समिति रहनेछः-

(क) मन्त्रालयको सचिव -संयोजक

(ख) सम्बन्धित पुनरावलोकनकर्ता -सदस्य

(ग) सम्बन्धित सुपरिवेक्षक -सदस्य

(१२) उपदफा (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख प्रशासकिय अधिकृतको कार्यसम्पादन मूल्याङ्कनका लागि देहाय बमोजिमको पुनरावलोकन समिति रहनेछः-

(क) नेपाल सरकारको मुख्य सचिव -संयोजक

(ख) मन्त्रालयको सचिव -सदस्य

(ग) सम्बन्धित प्रदेशको प्रमुख सचिव -सदस्य

(१३) उपदफा (१०) बमोजिम सुपरिवेक्षकको रूपमा मूल्याङ्कन गर्ने व्यक्तिले मूल्याङ्कन गर्दा तोकिए बमोजिम सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले गरेको कार्यसम्पादन टिप्पणीलाई समेत आधार मान्नु पर्नेछ ।

(१४) उपदफा (५) बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदमा कर्मचारी नखटाएको अवस्थामा सो स्थानीय तहमा कार्यरत वरिष्ठतम कर्मचारीले प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्नेछ ।

(१५) उपदफा (२) र (४) बमोजिम प्रदेश सचिव र प्रमुख प्रशासकिय अधिकृतको रुपमा सङ्घीय निजामती सेवाको कर्मचारी खटाउनु पर्ने अवस्थामा सम्बन्धित प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने त्यस्ता कर्मचारीको सङ्ख्या असार मसान्तभित्र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(१६) सङ्घीय निजामती सेवाको रिक्त पद पूर्तिको प्रकृया अघि बढाउनु अघि उपदफा (१५) बमोजिम प्राप्त विवरण समेतको आधारमा सङ्घीय निजामती सेवाबाट प्रदेशमा खटाउनु पर्ने र प्रदेशबाट

फिर्ता हुने कर्मचारीको सङ्ख्या समेत हिसाब गरी मन्त्रालयले आगामी वर्ष पदपूर्ति गर्नु पर्ने पदसङ्ख्या यकिन गर्नु पर्नेछ।

११९. **प्रदेश वा स्थानीय तहमा समायोजन भएका वा खटिएका कर्मचारी सम्बन्धी विशेष व्यवस्था:** (१) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका वा खटाइएका कर्मचारीको तलब तथा अन्य सुविधा सम्बन्धित प्रदेश वा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश वा स्थानीय सेवामा समायोजन भएको वा खटाइएको निजामती कर्मचारी समायोजन भएको वा खटाइएको पद वा सो भन्दा माथिल्लो पदबाट कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तिभरण, उपचार खर्च, सञ्चित विदाको रकम नेपाल सरकारले व्यहोर्नेछ। यस्तो रकम उपलब्ध गराउँदा सङ्घीय निजामती सेवाको समान श्रेणी वा तहको कर्मचारीले पाउने सुविधाभन्दा घटीबढी नहुने गरी उपलब्ध गराइनेछ।

तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको कर्मचारीलाई यस उपदफा बमोजिमको कुनै सुविधा दिइने छैन ।

(३) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम स्थानीय तहमा समायोजन भएको कर्मचारीले त्यस्तो स्थानीय तहमा कम्तीमा दुई वर्ष काम गरे पछि सम्बन्धित प्रदेशको प्रमुख सचिवले सोही प्रदेश भित्रको अर्को स्थानीय तहमा सरुवा गर्न सक्नेछ ।

(४) प्रदेश वा स्थानीय सेवा गठन नभएको वा प्रदेश वा स्थानीय तहले कर्मचारी पूर्ति गर्न नसकेको कारण त्यस्तो पदमा सङ्घीय निजामती सेवाका कर्मचारी खटाउन सम्बन्धित प्रदेश वा स्थानीय तहले अनुरोध गरेमा नेपाल सरकारले निजामती कर्मचारी खटाउन सक्नेछ ।

(५) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन नभई कामकाज गर्न खटिएको कर्मचारी सङ्घीय निजामती सेवाका कर्मचारी मानिने छ ।

(६) यो ऐन वा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश वा स्थानीय तहको कुनै पदमा सङ्घीय निजामती सेवाको कर्मचारी रहने व्यवस्था भएमा त्यस्तो कर्मचारीको काज, सरुवा, सुविधा तथा सेवाका अन्य शर्त यस ऐन बमोजिम नै हुनेछ ।

## परिच्छेद-१४

## विविध

१२०. **प्रशासन सुधार समिति रहने:** (१) सङ्घीय निजामती सेवालाई सक्षम तथा उत्तरदायी बनाउन तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक अन्तरसम्बन्धलाई थप व्यवस्थित गर्न गर्नु पर्ने सुधारको विषयमा नेपाल सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको प्रशासन सुधार समिति रहनेछः-

(क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री -संयोजक

(ख) नेपाल सरकारको मुख्य सचिव -सदस्य

(ग) मन्त्रालयको सचिव -सदस्य

(घ) अर्थ मन्त्रालयको सचिव -सदस्य

(ङ) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव -सदस्य

(च) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिव -सदस्य

(छ) नेपाल सरकारले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित दुईजना सार्वजनिक प्रशासन क्षेत्रका विज्ञ -सदस्य

(ज) मन्त्रालयको सहसचिव -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि दुई वर्ष हुनेछ।

(३) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सदस्यले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्न नसकेमा नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि सफाईको मनासिब मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२१. **सेवा समूह सञ्चालन:** (१) सेवा, समूह वा उपसमूहको सञ्चालन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल लेखापरीक्षण सेवाको सञ्चालन महालेखा परीक्षकको कार्यालयले गर्नेछ ।

१२२. **चेतावनी दिन सकिने:** कुनै निजामती कर्मचारीले देहायको कुनै काम गरेमा सुपरीवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राख्नेछ :-

(क) समयपालना नगरेमा,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफुभन्दा माथिको कर्मचारीले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा, वा

(घ) कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा ।

१२३. **निजामती कर्मचारीले पाउने विदा:** (१) निजामती कर्मचारीले देहायका विदाहरू तोकिए बमोजिम पाउनेछ :-

(क) भैपरी आउने र पर्व विदा,

(ख) घरविदा,

(ग) विरामी विदा,

(घ) प्रसूती विदा,

(ङ) प्रसूती स्याहार विदा,

(च) किरिया विदा,

(छ) विवाह विदा,

(ज) अध्ययन विदा, र

(झ) असाधारण विदा ।

(२) नेपाल स्वास्थ्य सेवाको कर्मचारीले उपदफा (१) बमोजिमका विदा बाहेक तोकिए बमोजिमको सट्टा विदा समेत पाउने छ ।

(३) बिदा निजामती कर्मचारीको अधिकार होइन, सहुलियत मात्र हो ।

१२४. **बेतलवी विदा**: (१) कुनै निजामती कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो निजामती कर्मचारीले तोकिए बमोजिम बेतलवी विदा पाउने छ ।

(२) उपदफा (१) बमोजिमको विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

१२५. **भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधा**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९४ को (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको निजामती कर्मचारीले दफा ४८ बमोजिमको सञ्चयकोष, दफा ४९ बमोजिमको सावधिक बीमा र दफा ६७ बमोजिमको योगदानमा आधारित निवृत्तिभरण वापत जम्मा भएको रकम मध्ये त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको व्याज बाहेक अन्य कुनै सुविधा पाउने छैन।

तर दफा ९७ को उपदफा (२) को खण्ड (क) बमोजिम सजाय पाई बर्खास्त भएको कर्मचारीले सञ्चित घर विदा र विरामी विदा वापतको रकम पाउने छ ।

(२) सङ्घीय निजामती सेवाबाट अवकाश प्राप्त व्यक्तिको मृत्यु भई निजको हकवालाले कुनै सुविधा पाउने भएमा त्यस्तो सुविधा पाउने व्यक्तिले स्थायी आवासीय अनुमति पाएको रहेछ भने उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन ।

१२६. **नोकरी नथामिने**: कुनै निजामती कर्मचारीले दफा ९४ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनःस्थापित हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको नब्बे दिन मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन ।

१२७. **सङ्घीय निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधा**: (१) कुनै निजामती कर्मचारीलाई दफा ९४ को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउने भए सो समेत पाउने छ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारी अदालतको आदेशद्वारा सङ्घीय निजामती सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउनेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९७ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम सेवाबाट हटाइएको निजामती कर्मचारीले अदालतको आदेशबाट सेवामा पुनःबहाली भएमा कार्यालयमा अनुपस्थित भएको मितिदेखि अदालतबाट पुनःबहाली भई हाजिर भएको अघिल्लो दिनसम्मको तलब, भत्ता र चाडपर्व खर्च पाउने छैन ।

(४) कुनै निजामती कर्मचारीलाई विभागीय सजाय भई सेवाबाट हटाइएको वा बर्खास्त गरिएकोमा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम समायोजनको कार्य सम्पन्न भइसकेपछि अदालतको निर्णय अनुसार सेवामा पुन: स्थापित हुने भएमा त्यस्तो कर्मचारीलाई सङ्घीय निजामती सेवामा समायोजन गरिनेछ ।

१२८. **निजामती कर्मचारीहरुको ट्रेड युनियन सम्बन्धी व्यवस्थाः** (१) निजामती कर्मचारीले यस ऐनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम ट्रेड युनियन गठन गर्दा देहायको विषयमा देहाय बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछः–

(क) कार्यालय प्रमुख भई काम गर्नु पर्ने राजपत्राङ्कित कर्मचारी बाहेक राजपत्राङ्कित तृतीय श्रेणी वा सोभन्दा मुनिका कर्मचारीहरुले आफ्नो पेशागत हक हितका लागि राष्ट्रियस्तरको निजामती कर्मचारीको ट्रेड युनियनहरु गठन गरी सदस्यता लिन सक्नेछन् ।

(ख) निजामती कर्मचारीको ट्रेड युनियनहरुको दर्ता श्रम तथा रोजगार प्रवर्द्धन विभागमा हुनेछ ।

(३) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको गठन देहाय बमोजिम हुनेछः–

(क) उपदफा (१) बमोजिम गठन भएको निजामती कर्मचारीको ट्रेड युनियनका सदस्यहरुले छनौट गरेका पदाधिकारीहरु रहने गरी एक निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

(ख) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनले जिल्लास्तर, विभागीयस्तर र राष्ट्रियस्तरमा आफ्नो पेशागत मागहरु सम्बन्धित निकायमा प्रस्तुत गरी सामाजिक सम्वाद र सामूहिक सौदावाजी गर्न पाउनेछ ।

(ग) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) निजामती कर्मचारीको ट्रेड युनियनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–



www.prasasan.com

(क) कर्मचारीको हक हित संरक्षण एवं सम्वर्द्धन गरी निजामती सेवालाई प्रभावकारी र गतिशील बनाउन नेपाल सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्नु उपदफा (१) र (३) बमोजिम गठित निजामती कर्मचारीको ट्रेड युनियनहरुको कर्तव्य हुनेछ ।

(ख) निजामती कर्मचारीको ट्रेड युनियनले भेला, तालीम, प्रशिक्षण, गोष्ठी लगायतका रचनात्मक एवं सिर्जनात्मक कार्यहरु सञ्चालन गर्न सक्नेछन् ।

(ग) निजामती कर्मचारीको ट्रेड युनियनलाई महासंघ गठन गर्ने, त्यसको सदस्य बन्ने, अन्तर्राष्ट्रिय संघ वा महासंघको सदस्य बन्ने र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने अधिकार हुनेछ ।

(५) निजामती सेवासँग सम्बन्धित कानूनको निर्माण गर्दा नेपाल सरकारले निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको सल्लाह र सुझाव लिन सक्नेछ ।

(६) उपदफा (१) र (३) बमोजिम गठित राष्ट्रियस्तरका ट्रेड युनियनहरुका केन्द्रीय पदाधिकारीहरु र सदस्यहरुलाई युनियन सम्बन्धी स्वदेशी तथा वैदेशिक सेमिनार, गोष्ठी, अधिवेशन, सङ्गठन सम्बन्धी कार्य आदि कार्यक्रममा भाग लिनको लागि नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी एक वर्षमा बढीमा तीस दिनसम्मको काजको व्यवस्था गर्न सकिनेछ ।

(७) प्रदेश निजामती सेवा र सम्बन्धित प्रदेशमा रहेको प्रदेशस्तरीय स्थानीय सेवाका तोकिए बमोजिमका कर्मचारीहरु सहभागि हुन पाउने गरी प्रत्येक प्रदेशमा प्रदेश कानून बमोजिम एउटा प्रदेशस्तरीय आधिकारिक ट्रेड यूनियन मात्र रहन सक्नेछ ।

(८) निजामती कर्मचारीको ट्रेड युनियनको दर्ता, सो सम्बन्धी शर्त, प्रक्रिया र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२९. **<u>निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाईको व्यवस्था</u>**: (१) निजामती कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजूरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने विषयमा आफुलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा समेत कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो मन्त्रालयमा तोकिए बमोजिम राख्न सक्ने छ ।

(२) निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

१३०. **<u>बरबुझारथ गर्नुपर्ने</u>**: कुनै निजामती कर्मचारीले आफूले बुझाउनुपर्ने नगदी, जिन्सी वा कागजात २१ दिनभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनुपर्नेछ र सो बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनुपर्ने छ ।

१३१. **<u>अपाङ्गता भएको कर्मचारीका लागि विशेष व्यवस्था</u>**: (१) अपाङ्गता भएको कर्मचारीको पदस्थापन वा सरुवा गर्दा निजको अपाङ्गताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा गरिने छ ।

(२) अपाङ्गता भएको कर्मचारीको कार्य सहजताका लागि कार्य वातावरण र कार्यालयको विन्यास अपाङ्ग मैत्री बनाउन तथा निजको कामलाई सहजीकरण गर्न कार्यालय प्रमुखले आवश्यक व्यवस्था गर्नुपर्ने छ ।

१३२. **<u>कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन</u>:** (१) सङ्घीय निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि कल्याणकारी कोष स्थापना गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

१३३. **<u>नेपाल सरकारले सेवा निवृत्त पूर्व कर्मचारीको सेवा लिन सक्ने</u>:** (१) सङ्घीय निजामती सेवाबाट अवकाश प्राप्त गरी निवृत्तिभरण पाईरहेका कर्मचारीसँग नेपाल सरकारले आवश्यक सेवा लिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवानिवृत्त पूर्व कर्मचारीको कर्तव्य हुने छ ।

१३४. **<u>नेतृत्व परीक्षण</u>:** (१) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारीहरूको तोकिए बमोजिमको समितिबाट नेतृत्व परीक्षण गरिने छ ।

(२) उपदफा (१) बमोजिम नेतृत्व परीक्षण गर्दा देहायको आधारमा गर्नुपर्ने छः -

(क) निजामती कर्मचारीले नेतृत्व गरेको संस्थाको वार्षिक कार्यक्रमको प्रगति,

(ख) नीति विश्लेषण क्षमता, कार्य सम्पादन गर्दा नेतृत्व लिन सक्ने क्षमता,

(ग) निर्णय गर्ने क्षमता,

(घ) सेवाग्राहीको सन्तुष्टी,

(ङ) बेरुजु फछ्र्यौटको प्रगति,

(च) संवैधानिक निकायको वार्षिक प्रतिवेदनमा देखिएको बेरुजु,

(छ) सामूहिक कार्य प्रणाली, पेशागत संवेदनशीलता,

(ज) अन्तरवैयक्तिक सम्बन्ध, र

(झ) कार्यरत निकायमा गरेको रचनात्मक वा सिर्जनात्मक सुधार ।

(३) उपदफा (१) बमोजिमको समितिले नेतृत्व मूल्याङ्कन गर्दा सम्बन्धित निजामती कर्मचारी कार्यरत निकायका कर्मचारीबाट गोप्य रूपमा काम प्रतिको व्यवहार र आचरणको सूचना सङ्कलन गर्न सक्नेछ ।

(४) नेतृत्व परीक्षणको नतिजाको आधारमा उपदफा (१) मा उल्लिखित कर्मचारीलाई जिम्मेवारी दिईनेछ ।

१३५. **<u>व्यवस्थापन परीक्षण</u>:** (१) लोक सेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरू बाहेक मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरूमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय

www.prasashan.com

नियम र कार्यविधिको पालना गरे नगरेको सम्बन्धमा सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रशासकीय अनियमितता देखिएमा सम्बन्धित निजामती कर्मचारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ ।

(३) मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन उपर छानबिन गरी नेपाल सरकारले सम्बन्धित निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिनेछ। त्यस्तो निर्देशन पालना नगर्ने सम्बन्धित पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

१३६. **अधिकार प्रत्यायोजन**: (१) नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको निजामती कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने छ ।

(२) यस ऐन बमोजिमको कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मातहतका निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर दफा १०२ को उपदफा (१) बमोजिम सफाईको मौका दिने प्रयोजनका लागि अधिकार प्रत्यायोजन गर्ने बाहेक विभागीय सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन ।

१३७. **कर्मचारी अभिलेख सम्बन्धी व्यवस्था:** (१) सङ्घीय निजामती सेवा र अन्य सरकारी सेवाका कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानाले राख्नेछ । यसरी अभिलेख राख्ने प्रयोजनका लागि राष्ट्रिय किताबखानाले माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) प्रदेश वा स्थानीय तहले उपलब्ध गराएको विवरणको आधारमा राष्ट्रिय किताबखानाले प्रदेश निजामती सेवा वा प्रदेशको अन्य सरकारी सेवा र स्थानीय तहका कर्मचारीको एकिकृत अभिलेख राख्नेछ ।

(३) कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व कर्मचारी कार्यरत निकाय, राष्ट्रिय किताबखाना र सम्बन्धित कर्मचारी समेतको हुनेछ ।

१३८. **नियम बनाउने अधिकार**: (१) यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारले सङ्घीय निजामती सेवाका सबै सेवामा सामान्य रूपले लागू हुने वा बेग्ला बेग्लै सेवाका लागि पृथक रूपले लागू हुने गरी बनाउन सक्नेछ ।

www.prasashan.com

१३९. **निर्देशिका वा कार्यविधि बनाउन सक्ने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

१४०. **आचारसंहिता जारी गर्न सक्ने**: नेपाल सरकारले निजामती कर्मचारीका लागि अलग्गै आचारसंहिता जारी गर्न सक्नेछ । त्यस्तो आचारसंहिताको पालना गर्नु सबै निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

१४१. **खारेजी र बचाउ**: (१) निजामती सेवा ऐन, २०४९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ खारेज गरिएका छन्।

(२) निजामती सेवा ऐन, २०४९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम भए गरिएका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरिएका मानिने छन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको रिक्त पद पूर्तिका लागि गरिने पदसङ्ख्या निर्धारण तथा बढुवा सम्बन्धी व्यवस्था यो ऐन प्रारम्भ भएपछिको आर्थिक वर्षबाट हुने विज्ञापनको हकमा लागू हुनेछ र सोभन्दा अघि गरिने पदपूर्ति तथा बढुवाको विज्ञापनको हकमा निजामती सेवा ऐन, २०४९ वा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को व्यवस्था लागू हुने छ ।

www.prasashan.com